# सौर्य दैनिक
SOURYA NATIONAL DAILY

वर्ष १० | अंक ४२ | शुक्रबार, २० चैत २०७७ | Friday, 2 April 2021 | www.souryonline.com | पृष्ठ : ८ | मूल्य रू. ५



मेगा बैंक नेपाल लिमिटेड
MEGA BANK NEPAL LIMITED
मेगा मुद्दती खाता
७.२५%* वार्षिक ब्याजदर
The Banker Bank of the Year 2019 NEPAL
विश्वास जित्दै... अघि बढ्दै...
MEGA BANK NEPAL LIMITED


# अब एमालेमा दुई खेमा





■ सौर्य समाचार

काठमाडौं । नेकपा एमाले राजनीतिक मैदानमा दुई खेमामा स्पष्ट रुपमा देखिने भएको छ। अध्यक्ष केपी शर्मा ओली नेतृत्व र कारवाहीमा परेका माधवकुमार नेपाल नेतृत्वमा दुई खेमा देखिएको हो । अध्यक्ष ओलीले नेता नेपालसहित तत्कालिन उपाध्यक्ष भिम रावल, घनश्याम भुषाल र सुरेन्द्र पाण्डेलाई ६ महिना निलम्बन गरेपछि सो समुहले देशभर समानान्तर कमिटी बनाउन शुरु गरेको छ ।

ओलीले सुटुक्क केन्द्रीय कमिटी बैठक बोलाएर २८ फागुनमा निर्णय गरेको भन्दै नेपाल पक्ष अन्तुष्ट बनाएको थियो। तत्कालिन नेकपा हुँदा ओली र नेपालबीच देखिएको टसल कै अर्को रुप थियो त्यो। त्यसपछि नेपाल पक्षले चैत्र ४ र ५ गते राष्ट्रिय भेला बोलाएपछि एमालेभित्रको विवाद थप चर्कियो । त्यसैको परिणाम स्वरुप ओलीले चार नेतालाई अनुशासनको कारवाही गर्दै ६ महिना निलम्बन गरे । निलम्बनमा परेपछि सो समुह खुल्ला रुपमा मैदानमा उत्रिदै एमालेकै नाममा बेग्लै संगठन र पार्टी कार्यालय खोल्ने निर्णयमा पुगेको छ ।

नेता नेपालले कारवाहीकै बीचमा पोखरा पुगेर समानान्तर कमिटी गठनको घोषणा गरेका छन् । सो घोषणा कार्यक्रममा उनले केपी ओलीलाई हटाएर आफ्नै नेतृत्वमा केन्द्रीय कमिटी बनाउने घोषणा पनि गरे । नेता नेपालले कार्यकर्तालाई जिल्ला जिल्लामा संगठित हुन निर्देशन दिएका छन् । कमिटीका बैठकहरू नियमित गर्न निर्देशन दिँदै नेता नेपालले अब चाँडै आफ्नो नेतृत्वमा केन्द्रीय कमिटि घोषणा गर्ने जानकारी दिए ।

सो कार्यक्रममा धनराज आचार्यको नेतृत्वमा कास्की जिल्लास्तरीय समानान्तर कमिटी गठन गरिएको छ । नेता नेपालले समानान्तर कमिटी गठन अभियान सुरु भएको घोषणा पनि गरे। नेपालसँगै नेता सुरेन्द्र पाण्डे पनि पोखरा पुगेका थिए। समानान्तर कमिटीको सचिवमा होमबहादुर नेपाली तोकिएका छन् । ७५ सदस्यीय जिल्ला कमिटीका बाँकी सदस्यसहित समानान्तर टिम घोषणा गरिएको हो ।

यसअघि नेपाल समूहले युवा संघ, महिला संघ र अनेरास्ववियुको पनि समानान्तर कमिटी बनाइसकेका छन् । युवा संघ काठमाडौंको बुद्धनगरमा समानान्तर कार्यालयसमेत खोलिसकेको छ । युवासंघको कार्यालय उद्घाटनमा नेता नेपालले आफुहरु पनि पार्टी कार्यालय खोज्दै गरेको भनाई

**बाँकी पृष्ठ २**

## सुरेन्द्र र घनश्याम पनि निलम्बित

नेकपा एमालेले घनश्याम भुसाल र सुरेन्द्र पाण्डेलाई पार्टी सदस्यबाट निलम्बन गरेको छ । माधवकुमार नेपाल समुहमा रहेका यी दुई नेतालाई पनि स्पष्टिकरणपछि अध्यक्ष केपी शर्मा ओलीले पार्टीहित विपरित काम गरेको आरोप लगाउदै ६ महिनाका लागि निलम्बन गरेका हुन् ।

पार्टीले दुई पटक सोधेको स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै ६ महिनाका लागि पार्टी साधारण सदस्यबाट निलम्बन गरेका हुन् । यसअघि नेपाल र भिम रावललाई पनि ६ महिनाका लागि निलम्बन गरिएको थियो । अध्यक्ष ओलीले भुसाल र पाण्डेको स्पष्टीकरणमा गल्ती महसुस नगरी अहंकार देखिएको उल्लेख गरेका छन् ।

'तपाईंले पार्टी एकतालाई विखण्डन गर्ने, पार्टी फुटाउने पार्टीभित्रको सहकार्य र सदभावलाई क्षतविक्षत पार्ने गरी निरन्तर अवैधानिक गुट भेला गर्ने, उक्त कार्यलाई निरन्तरता दिने स्विकारोक्तिसहित अहंकार र आत्मकेन्द्रित कुराहरु उल्लेख गरी स्पष्टीकरणको जवाफ दिएको देखियो', पाँच बुँदे पत्रमा भनिएको छ ।

भुसाल र पाण्डेलाई सच्चिनका लागि अन्तिम मौका दिइएको ओलीले पत्रमा उल्लेख गरेका छन् । 'तपाईंलाई सच्चिनको लागि यो अन्तिम मौका हो आफ्ना विचार र क्रियाकलापहरु सच्याई पार्टीका पक्षमा आएमा पार्टीले निलम्बन अवधिको बीचैमा पनि निलम्बनको अवधि घटाउने निर्णय गर्न सकिने र यस सच्चिइन दिइएको मौकालाई पार्टीको कमजोरी ठानी पार्टी विरोधी गतिविधिहरु कायमै राखेमा निलम्बनको अवधि बीचमै थप कारबाही गर्न सकिने व्यहोरासमेत जानकारी गराइन्छ', पत्रमा उल्लेख छ ।

एमालेको केन्द्रीय कमिटीको बैठकको निर्णयअनुसार नेता नेपालसहित ४ जनालाई पार्टीको विधानविपरीत गतिविधि गरेको भन्दै स्पष्टीकरण सोधेको थियो । नेपाल र रावलले उक्त स्पष्टीकरणको जवाफ चैत १२ गते नै दिएका थिए । तर उनीहरूको जवाफ चित्तबुझ्दो नभएको भन्दै ओलीले चैत १६ गते दुवैलाई पार्टीको साधारण सदस्यबाट समेत ६

**बाँकी पृष्ठ २**

# नेकपा ब्युँताउने बाटो बन्द !

■ सौर्य समाचार

काठमाडौं । सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ब्युँताउन माग गर्दै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले दिएको निवेदन पुनरावलोकन नगर्ने आदेश गरेको छ। योसँगै कानुनी रुपमा नेकपा ब्युँताउने विषय अब कानुनी रुपमा समाप्त बनेको हो ।

सर्वोच्च अदालतले फागुन २३ गते नेकपा भंग गर्दै साविकको नेकपा एमाले र माओवादी केन्द्र ब्युँत्याएको थियो । सो निर्णयविरुद्ध माओवादी केन्द्रका अध्यक्ष दाहालसहितका शिर्ष नेता सर्वोच्च अदालत पुगेर पुनरावलोकनको निवेदन दर्ता गरेका थिए । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा, न्यायाधीश तेजबहादुर केसी र न्यायाधीश प्रकाशकुमार ढुंगाना सम्मिलित इजलासले सो निवेदन पुनरावलोकन नहुने निर्णय गरेका हुन् ।

सर्वोच्च अदालतका सहायक प्रवक्ता देवेन्द्र ढकालले मुद्दामा पुनरावलोकन नहुने आदेश भएको जानकारी दिए । 'अब यो मुद्दाको सम्पूर्ण प्रक्रिया यहीं सकिएको छ । पुनरावलोकन नगर्ने आदेश भएपछि अब थप सुनुवाइ गर्नैपरेन', ढकालले भने । पूर्ण इजलासले न्याय प्रशासन ऐनको दफा ११ को उपदफा २ (ख) बमोजिमको अवस्था नभएको उल्लेख छ। नेकपा ब्युँताउन प्रमाण नपुग्ने यो उपदफामा दुई वटा विषय छन् । जसमा आफ्नो फैसला वा अन्तिम आदेश पुनरावलोकन गर्न सक्नेछ ।

पूर्ण इजलासले उल्लेख गरेको उपदफा (ख) मा 'सर्वोच्च अदालतबाट स्थापित नजीर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको देखिएमा' भन्ने छ। सर्वोच्च अदालतले आफ्नै फैसलाको पुनरावलोकन गर्नसक्ने यो विषय पनि इजलासले भने खण्ड (ख) बमोजिमको अवस्था विद्यमान रहेको नदेखिँदा पुनरावलोकनको अनुमति प्रदान गर्न नमिल्ने उल्लेख गरेको छ । यस्तो अवस्था नभएकाले पुनरावलोकन गर्न नपर्ने आदेशको अर्थ २३ फागुनको फैसलाले सर्वोच्च अदालतले विकास गरेको नजीर वा कानूनी सिद्धान्तको उल्लंघन नभएको भन्ने ठहर गरेको हो ।

नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष ऋषिराम कट्टेलले तत्कालीन एमाले र माओवादी केन्द्रबीच एकीकरण भएर बनेको पार्टीलाई आफ्नै पार्टीको नाम दिने निर्वाचन आयोगको निर्णयविरुद्ध सर्वोच्च

> सर्वोच्च अदालतले पुनरावलोकन नगर्ने भनि दिएको आदेशमा न्याय प्रशासन ऐनको दफा ११ को उपदफा २ (ख) बमोजिमको अवस्था नभएको उल्लेख, २३ फागुनको फैसलाले सर्वोच्च अदालतले विकास गरेको नजीर वा कानूनी सिद्धान्तको उल्लंघन नभएको भन्ने हो

अदालतमा निवेदन दिएका थिए । त्यसमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले २३ फागुनमा नेपाल कम्युनिष्ट पार्टीको नाम ऋषिराम कट्टेल नेतृत्वको पार्टीको हुने र एमाले तथा माओवादी केन्द्र पार्टी एकीकरणपूर्वको अवस्थामा ब्युँतने आदेश गरेको थियो ।

न्यायाधीशहरू कुमार रेग्मी र बमकुमार श्रेष्ठको इजलासले गरेको त्यस्तो आदेशविरुद्ध माओवादी केन्द्रका अध्यक्ष दाहालले १७ चैतमा सर्वोच्च अदालतमा पुनरावलोकन निवेदन दर्ता गराएका थिए । त्यसमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले दाहालको निवेदनमा

**बाँकी पृष्ठ २**

# १५१ आरोही हिमाल चढ्दै

■ सौर्य समाचार

काठमाडौ । विश्वको सर्वोच्च शिखर सगरमाथाका लागि तीन समुहसहित यसपटक १५१ आरोहीले नेपालका हिमाल चढ्ने भएका छन् । संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, पर्यटन विभागले वसन्त यामको आरोहणका लागि सगरमाथासहितका विभिन्न हिमाल आरोहणका लागि २० आरोही समूहलाई आरोहण अनुमति (एक्सिपिडिशन पर्मिट) दिएको हो ।

सगरमाथाका तीनसहित २० आरोही समूहका १५१ आरोहीलाई आरोहण अनुमति दिइएको विभागले जनाएको छ । विहिवारमात्रै सगरमाथाका तीनसहित छ आरोही समूहले आरोहण अनुमति पाएको विभागको पर्वतारोहण शाखाका अधिकृत भीष्म भट्टराईले जानकारी दिए । विभागले हालसम्म सगरमाथा, अन्नपूर्ण, मनास्लु, धौलागिरि, ल्होत्से, पुमरी, नुप्से र टुकुचे हिमाल आरोहण गर्ने आरोहण अनुमति दिएको छ ।

पर्वतारोहण शाखाको तथ्यांकमा हालसम्म सोलुखुम्बुमा पर्ने सगरमाथा (८,८४८.८६ मिटर) आरोहणका लागि सबैभन्दा बढी सात आरोही समूह छन् र सोही क्षेत्रमा पर्ने ल्होत्से (८,५१६ मिटर) मा दुई, नुप्से (७,८६४ मिटर) मा दुई आरोही समूह छन् । यस्तै पुमरी (७, १६१ मिटर) मा एक आरोही समूहलाई अनुमति दिइएको छ । गण्डकी क्षेत्रमा पर्ने अन्नपूर्ण हिमाल (८,०९१) आरोहणका लागि चार र धौलागिरि हिमाल (८,१६७ मिटर) मा दुई समूहलाई अनुमति दिएको छ भने गोरखामा पर्ने मनास्लु हिमाल (८,१६३ मिटर) मा एक आरोही समूह छ ।

हिमाल आरोहणका लागि उपयुक्त मौसम वसन्तयामलाई मानिन्छ। यो अनुकूल मौसममा सगरमाथासहितका विभिन्न चर्चित हिमालमा स्वदेशी तथा विदेशी आरोहीले सर्वाधिक आरोहण गर्छन् । सगरमाथा, अन्नपूर्ण, मनास्लुलगायतका उच्च हिमशृंखला आरोहीको रोजाइमा पर्छन् । आरोहणका लागि बाटो बनाउने आइसफल चिकित्सक पनि गन्तव्यमा रहेको विभागले जनाएको छ । आइसफल चिकित्सक सगरमाथाको आधार शिविरभन्दा माथितिर पुगिसकेका छन् । वसन्तयामको आरोहणका लागि विभागले धमाधम आरोहण अनुमति जारी गरिरहेको छ ।

मार्च, अप्रिल र मेको आरोहणका लागि मार्चदेखि बुकिङ शुरुआत भए पनि अप्रिलको दोस्रो सातासम्म विभागलाई अनुमति जारी गर्न भ्याइनभ्याइ हुन्छ । वसन्तयामको आरोहणका लागि

**बाँकी पृष्ठ २**

# सार्वजनिक कार्यक्रममा न्यायाधीशको उछितो !

■ सौर्य समाचार



काठमाडौं । राजनीतिमा एक नेताले अर्को नेतालाई खराव, नराम्रो र कूप्रचार गर्नु नौलो विषय होइन् । तर, अब अदालतका न्यायमूर्ति मानिने न्यायाधीशहरु समेत आलोचनाको विषय बन्न थालेका छन् । पूर्वप्रधानन्यायाधीशले समेत न्यायाधीशहरु असक्षम रहेकाले न्यायापालिकाको क्षमतामाथी नै आशंका बढ्दै गएको सार्वजनिक कार्यक्रममा आरोप लगाउन थालेका छन् ।

राजधानीमा आयोजित एक सार्वजनिक कार्यक्रममा न्यायालयको नेतृत्व सम्हालिसकेकी पूर्वप्रधानन्यायाधीश सुशिला कार्कीले न्यायाधीश आफै परतन्त्र हुन जाने र नेताका बैठकमा गई सल्लाह गरेर अदालत चलाउन जाने प्रवृति रहेको गम्भिर आरोप लगाइन् । 'नियुक्तीको बेलामा भागवण्डा खोजेर यही मान्छे नियुक्ती हुनुपर्छ, मेरो ज्वाईं नै हुनुपर्छ, मेरो आफन्त नै हुनुपर्छ भन्नपनि भएन । न्यायाधीशहले पनि त्यो भन्न भएन र राजनीतिक दलले पनि त्यो भन्न मिल्दैन', पूर्वप्रधानन्यायाधीश कार्कीले भनिन्, 'तपाईंको नियुक्तीमा १५-२० जना मेरो मान्छे परेनन भने त मेरो पार्टी नै फेल खान्छ त्यो त भन्न भएन । यो जुन परिपाटी छ यसले गर्दा हाम्रो न्यायपालिका बर्बाद छ र यो न्यायपालिकालाई बर्बाद गराउनेमा को पनि हुनुहुन्छ भने भित्रैका न्यायाधीशहरु हुनुहुन्छ ।'

पूर्वप्रधानन्यायाधीश कार्कीले न्यायाधीशहरु स्वतन्त्र हन्छन् भनिएपनि कतिपय न्यायाधीशहरूले जानिजानि परतन्त्रबाट प्रभावित हुने गरेको बताइन् । न्यायाधीशहरूमा विदा माग्ने र बाहिर गएर षड्यन्त्र गर्ने प्रवृति रहेको पनि कार्कीले आरोप लगाइन् । यस्तै न्यायाधीशहरूमा प्रधानन्यायाधीशलाई सहयोग नगर्ने प्रवृति रहेको पनि बताइन् ।

अर्का पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले न्यायालयप्रतिको डरलाग्दो निरासालाई हटाउन न्यायमूर्तिले वृद्धि, विवेक, गुण र क्षमतालाई प्रखररूपमा प्रस्तुत गर्न आवश्यक रहेकोमा जोड दिए । प्रतिनिधिसभा विघटनको मुद्दा सर्वोच्च अदालतमा विचाराधिन हुँदा वक्तव्य निकालेर विचार दिएका श्रेष्ठले न्याय निरुपण गर्दा नयाँ विचारले प्रवेश र प्राथमिकता पाए-पाएन भन्ने पाटोमा ध्यान पुऱ्याउन सक्नुपर्ने बताए ।

'हामीले संवैधानिक न्यायको कार्यान्वयनको अवस्था हेर्न आवश्यक छ, संविधानवाद संविधान कार्यान्वयनको मूल मर्म र मान्यता हो, कार्यान्वयन अक्षरमा कि आत्मामा हेरिनुपर्छ र, यो छ वर्षमा नेताले बाहेक जनताले कति लाभ पाए, संविधानभन्दा माथि कोही हुनु हुन्न भन्ने मान्यता नै संवैधानिक सर्वोच्चता हो', उनले भने । पछिल्ला परिवर्तनले नेतृत्वमा रहनेलाई

**बाँकी पृष्ठ २**

# सुन आयात दैनिक २० किलो

■ सौर्य समाचार

काठमाडौं । नेपाल राष्ट्र बैंकले दैनिक २० किलोसम्म सुन आयात गर्न दिने भएको छ। केन्द्रीय बैंकले एकीकृत परिपत्र-२०७६ मा संशोधन गर्दै उक्त व्यवस्था गरेको हो ।

कोरोना महामारीलाई देखाएर गत वर्ष सरकारले प्रतिदिन सुन आयातको परिमाण १० किलोमा झारेको थियो । त्यसअघि धेरै माग हुने समयमा दैनिक २५ र सुख्खा सिजनमा प्रतिदिन २० किलो सुन आयात गर्न पाइन्थ्यो । सुन आयात तथा बिक्री वितरणसम्बन्धी कार्यविधि २०६८ लाई संशोधन गरेर इजाजतपत्र प्राप्त 'क' वर्गका वाणिज्य बैंकहरुले आयात गर्ने सुनको दैनिक कोटा २० किलो पुऱ्याइएको नेपाल राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागले जनाएको छ ।

विशेषगरी वाणिज्य बैंकले सुन आयात गरिरहेका छन् । विदेशी विनिमय कारोवार गर्न इजाजत प्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायलाई जारी गरिएको एकीकृत परिपत्रमा संशोधन गर्दै सुन आयातको परिमाण बढाइएको हो । नेपाल सुनचाँदी व्यवसायी महासंघलगायतले सुन आयातको कोटा बढाइदिन सरकार, राष्ट्र बैंक र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग माग गर्दै आएका थिए । सोही मागअनुसार नै सुन आयात तथा बिक्रीवितरणसम्बन्धी कार्यविधिमा संशोधन गरिएको हो । राष्ट्र बैंकका कार्यकारी निर्देशक रामु पौडेलका

**बाँकी पृष्ठ २**

# 'फास्ट ट्र्याक'को एउटा ठेक्का रद्द गर्न निर्देशन

■ सौर्य समाचार

काठमाडौं । प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिले काठमाडौं तराई द्रुतमार्ग आयोजनामा पुल तथा सुरुङ निर्माणका दुई प्याकेजमध्ये दोस्रो प्याकेजको ठेक्का रद्द गरेर पुन:प्रक्रिया शुरु गर्न निर्देशन दिएको छ । समितिको बिहीबारको बैठकले पूर्वयोग्यताबाट एउटा कम्पनी मात्रै छनोट भएकाले प्रतिस्पर्धा हुन नसक्ने भन्दै त्यसलाई रोक्न सरकारलाई निर्देशन दिएको हो ।

समितिले सार्वजनिक खरीद अनुगमन कार्यालयले अन्तरराष्ट्रिय कम्पनी सहभागी हुने ठेक्कामा प्रक्रिया अघि बढाउँदा आवश्यक कागजात, निर्देशिका र कार्यविधि सकेसम्म चाँडो तयार गरेर अवरोध हटाउन कार्यालयलाई निर्देशन दिएको छ । सो बैठकमा रक्षा मन्त्रालयका सचिव रेश्मीराज पाण्डे र नेपाली सेनाका आयोजनामा आबद्ध प्राविधिक सहभागी थिए । समितिका सभापति भरतकुमार शाहले सार्वजनिक खरीद ऐनले धेरै कम्पनीलाई छनोट गर्नुपर्ने व्यवस्था गरे पनि सेनाले पूर्वयोग्यतामा एउटा मात्रै कम्पनी छनोट गरेकाले प्रतिस्पर्धा हुन नसक्ने अवस्था आएको बताए । संसद्ले बनाएको कानून कार्यान्वयन नहुने अवस्था आउन दिनु नहुने उनको भनाइ छ ।

सेनाले निर्माण गरिरहेको सो आयोजनामा ठेकेदार छनोटमा कानूनी त्रुटि रहेको उनको भनाइ छ । पूर्वयोग्यतामा एकभन्दा बढी कम्पनी हुँदा अनुमानित बजेटभन्दा कममा ठेक्का सम्झौता हुने सम्भावना रहने उनको भनाइ छ । सो आयोजनाका प्रमुख विकास पोखरेलले तीन वटा सुरुङ निर्माण गर्नुपर्नेमा एउटा प्याकेजमा दुई वटा र अर्को प्याकेजमा एउटा रहेको उल्लेख गरे ।

सेनाले तोकिएको अवधिमा सम्पन्न गर्न ११ प्याकेजमा निर्माण अघि बढाइरहेको उनको भनाइ छ । चालू आवमा आयोजनामा पाँच प्रतिशत भौतिक प्रगति बढ्ने उनले बताए । समितिमा सांसद्हरु मीनेन्द्र रिजाल, चन्दा चौधरी, मीना सुब्बा, मोहन आचार्य, मोहम्मद इस्तियाक राई, विरोध खतिवडालगायतले नेपाली सेनालाई विवादमा तान्न नहुने बताएका थिए । पहाडी क्षेत्रमा र कठिन भूगोलमा अरु कसैले सक्दा पनि सेनाले निर्माण अघि बढाएकाले धेरैको सेनाप्रति विश्वास रहेको उनीहरुको भनाइ थियो । सुरुङ र पुल निर्माणका लागि आह्वान भएको बोलपत्रमा पहिलोमा २१ र दोस्रो प्याकेजमा २२ कम्पनीले आवेदन दिएका थिए । नेपाली सेनाले पहिलो प्याकेजमा दुई र दोस्रोमा एउटा कम्पनीलाई पूर्वयोग्यतामा छनोट गरेको थियो ।

# एक महिनामा भित्रिए १५ हजार विदेशी नागरिक

■ सौर्य समाचार

काठमाडौं । कोरोना महामारी र लामो समयको बन्दाबन्दीपछि नेपालमा पर्यटन गतिविधि सहज हुन थालेको छ । कोरोना महामारीका कारण नेपाल सरकारले गरेको बन्दाबन्दीपछि हालसम्मकै सबैभन्दा धेरै विदेशी पर्यटक मार्च महिनामा नेपाल भित्रिएका छन् ।

अध्यागमन विभागले सार्वजनिक गरेको मार्च महिनाको तथ्याङ्कअनुसार एक महिनामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै विभिन्न १३८ देशबाट १४ हजार ९७७ विदेशी नागरिक नेपाल भित्रिएका छन् । तीमध्ये ११ हजार दुई पुरुष र तीन हजार ९६३ महिला र १२ अन्य नागरिक रहेका छन् । विभागको तथ्याङ्कअनुसार एक महिनामा सबैभन्दा धेरै भारतबाट सात हजार ६५८ पर्यटक नेपाल भित्रिएका छन् । जसमा छ हजार १६९ पुरुष, एक हजार ४७७ महिला र १२ अन्य नागरिक रहेका छन् । यसैगरी चीनबाट एक हजार २०७ पर्यटक नेपाल भित्रिएका छन् । जसमा एक हजार २९ पुरुष र १७८ महिला छन् । एक महिनामा अमेरिकाबाट एक हजार ५६ पुरुष र ६४७ महिला गरी एक हजार ७०३ विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।

विभागको तथ्याङ्कअनुसार गत जनवरीमा आठ हजार ८७४ र फेब्रुअरीमा नौ हजार १४६ विदेशी पर्यटक नेपाल भित्रिएका थिए । गत फेब्रुअरीको तुलनामा मार्च महिनामा झण्डै पाँच हजार बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् । यसैगरी एक महिनामा नौ हजार ५८७ विदेशी पर्यटक स्वदेश फर्किएका छन् । जसमा छ हजार ६६३ पुरुष, दुई हजार ९१३ महिला र ११ अन्य नागरिक रहेका छन् । यस्तै एक महिनामा ४९ हजार पाँच नेपाली विदेश गएका छन् ।

## नेकपा...

पुनरावलोकन नगर्ने आदेश जारी गरेको हो । सर्वोच्चको आदेशसँगै माओवादी केन्द्रका अध्यक्ष दाहाल र नेकपा (एमाले) नेता माधवकुमार नेपालको पार्टी एकीकरणको अन्तिम आशा पनि सकिएको छ । यद्यपी सर्वोच्चले नयाँ पार्टी बनाउने भए १५ दिनभित्र निर्वाचन आयोगमा निवेदन लिएर जान दुवै पार्टीलाई भनेको थियो ।

## सुरेन्द्र...

महिनाका लागि निलम्बन गरेका थिए ।

भुसाल र पाण्डेले भने चैत १७ गते जवाफ फर्काएका थिए । उपमहासचिव भुसालले प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओलीले आफूहरुलाई शत्रु देशको नागरिकलाई झैं व्यवहार गरेको आरोप लगाएका थिए । त्यस्तै पाण्डेले ओलीले गुटको भेलालाई पार्टी केन्द्रीय कमिटीको बठैक भनेर दुष्प्रचार गरेको र पार्टी विभाजन गर्न खोजेको आरोप लगाएका थिए । निलम्बनपछि दुवै नेताले कारवाहीको विरोध गरेका छन् ।

## १५१ आरोही...

विभागले यही चैत २ देखि आरोहण अनुमति जारी गरेको थियो । चैत १३ मा सगरमाथा आरोहणको पहिलो 'पर्मिट' जारी भएको थियो । बहराइनका राजकुमार शेखमोहम्मद हमाद मोहम्मद अल खलिफासहितको टोलीले पहिलो आरोहण अनुमति लिएको छ । नेपालस्थित सेभेन समिट ट्रेकमार्फत आरोहणको तयारी भइरहेको छ । बहराइन रोयल गार्ड (डिफेन्स फोर्स) मा कार्यरत १३ बहराइनी तथा तीन बेलायती रहने आरोही टोली छन् ।

कोभिड-१९ महामारी जोखिमका बीच आरोहण अनुमति जारी हुनु र यसमा पनि विशिष्ठ पाहुनाको आरोहणले नेपालको साहसिक पर्यटन सुरक्षित रहेको सन्देश विश्वभर फैलाउन सहयोग पुग्ने अपेक्षा विभागले लिएको छ । कोरोनाका कारण अघिल्लो वर्ष मुख्य याममै नेपालको पर्वतारोहण र पदयात्राले असर बेहोरेको थियो ।

## अब...

राखेका थिए । उनले एमालेका अहिले रहेको धुम्बाराही र सर्ने भनिएको माइतिघरको भवनमा नजाने संकेत गरेका हुन् ।

यता, अध्यक्ष ओली निकट नेताहरु भने यस्तै गतिविधि नेपाल समुहले राखे कठोर कदम चल्न सक्ने संकेत गरेका छन् । अहिलेलाई ६ महिनामात्रै निलम्बन भएपनि त्यो बढ्न सक्ने बताएका हुन् । अध्यक्ष ओलीले यसअघि कतिपय प्रदेश, जिल्लामा नेपाल समुहका नेताहरु हटाएर माओवादी केन्द्रबाट आएका र आफ्नै समुहमा रहेकालाई जिम्मेवारी दिएका छन् । जसबाट नेपाल समुह असन्तुष्ट रहेको छ । दुवै पक्ष आ-आफ्नो अडानबाट पछाडी हट्ने अवस्था नदेखिएपछि पार्टी विभाजन हुने आशंका स्वयम केन्द्रमा रहेका नेताहरुले बताएका छन् ।

नेतृ अष्टलक्ष्मी शाक्यले पार्टीभित्रको एकतालाई बलियो बनाउन आत्मसमीक्षा गरेर अगाडि बढ्नुपर्ने आवश्यकता रहेको बताउँछिन् । अहिलेको निषेधको राजनीतिले कम्युनिष्ट आन्दोलन नै खतरामा पर्ने सम्भावना बढेको पनि उनले सुनाइन् । 'तपाईं हाम्रै कारणले गर्दाखेरि हामीभित्रकै कारणले गर्दाखेरि आज हामी कमजोर अवस्थामा पुगेका छौं', उनले भनिन्, 'हामी एक अर्कामा निषेधको राजनीति गरिरहेका छौं । कम्युनिष्ट पार्टीलाई एकतावद्ध र बलियो बनाएर होइन आफैं, आफैं लडेर हामी सिद्धिने स्थितिमा पुगेका छौं ।'

## सार्वजनिक...

अवसरको पुन:संरचना भए पनि जनताको भाग्य र भविष्य पुन:संरचना भए/भएन भनी हेरिन आवश्यक रहेको उनको सुझाव थियो ।

संविधानविद् भीमार्जुन आचार्यले संवैधानिक इजलासले आफ्नो गरिमा र औचित्यलाई कही कतै पनि प्रदर्शन गर्न नसकेको आरोप लगाए । संवैधानिक इजलासमा रहेका कतिपय संवेदनशिल मुद्दाहरु लामो समयसम्म पनि सो-कज हुन नसक्नु यसैको उदाहरण भएको बताए । अर्का संविधानविद टिकाराम भट्टराईले अदालतबाट हुने फैसलाका कारण श्रद्धाले न्यायाधीशहरुको अगाडि शिर झुकाउने ठाउँ नै नरहेको बताए । प्रधानन्यायाधीशले गलत गर्‍यो भनेर परेका मुद्दामा सो-कज नै नहुने प्रवृति रहेको भन्दै त्यसलाई सच्याउन आग्रह गरे ।

न्यायाधीशहरुको चर्को आलोचना भएपछि कार्यक्रममा उपस्थित भएका सर्वोच्च अदालतका न्यायाधीशहरुले भने बचाउ गरेका थिए । सर्वोच्च अदालतका न्यायाधीश आनन्दमोहन भट्टराईले संवैधानिक व्याख्यामार्फत संविधानलाई पूर्णता दिने न्यायाधीशको रहर नभई संविधानलाई पूर्णता दिँदै अग्रगमनतर्फ अग्रसर गर्नुपरेको बाध्यता भएको पक्षलाई बुझ्न आग्रह गरे । उनले भने, 'संविधानको लक्ष्य विपरीत गएको अवस्थामा मात्र व्याख्याद्वारा रोक्नुपर्छ, संविधानका कमीकमजोरी र छिद्रलाई व्याख्या र संशोधनमार्फत सुधार गर्दै लैजानुपर्छ ।'

संविधान बनाउनेका लागि मात्र बनाइएको नभई सार्वभौम जनतालाई सुख, शान्ति, स्वस्थ वातावरणमा जीवनयापनको सुनिश्चितता प्रदान गर्ने दस्तावेजका रूपमा ग्रहण गर्नुपर्ने उनको भनाइ थियो । सर्वोच्च अदालतका न्यायाधीश प्रकाशसिंह राउतले स्थानीय तह र प्रदेशका कतिपय विषय कानून, बजेट, जनशक्ति नभएका कारण विवाद अदालत प्रवेश गरेको प्रसंग उल्लेख गर्दै सरोकार पक्षले संविधानले प्रत्याभूति गरेका पक्षलाई आत्मसात् नै गर्न नसकेको अवस्था रहेको औंल्याए ।

कार्यक्रममा सर्वोच्च अदालतका न्यायाधीशहरु, पूर्व प्रधानन्यायाधीश, पूर्व न्यायाधीशहरु, संविधानविद्हरु, वरिष्ठ अधिवक्ता तथा अधिवक्ता लगायतको उपस्थिति रहेको थियो । समयमा मुद्दाको फैसला गर्न नसक्ने, नियुक्तीमा भागवण्डा खोज्ने, राजनीतिक दलहरुको पक्ष-विपक्षमा लाग्ने प्रवृति कतिपय न्यायाधीशमा देखिएको कतिपय वक्ताहरुले आरोप लगाएका छन् ।

## सुन...

सुनको दैनिक परिमाण हाललाई २० किलोग्राम कायम गरिएको छ । सुनको कोटा बढाउने राष्ट्र बैंकको निर्णयप्रति सुनचाँदी व्यवसायीहरुले भने असन्तुष्टि जनाएका छन् । आफूहरुले माग गरेकोभन्दा कम मात्रामा आयात परिमाण बढाइएको नेपाल सुन चाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्यले बताए । महासंघले दैनिक ३० किलो सुन आयात गर्नुपर्ने माग सरकारसमक्ष राख्दै आएको उनले बताए । 'हुँदै नभएको भन्दा त यति हुनु पनि ठीकै हो तर यतिले हाम्रो माग धान्दैन', अध्यक्ष शाक्यले भने । यसबारेमा राष्ट्र बैंकसँग कुराकानी गर्ने समेत उनले बताए ।


**Qatar मा बैदेशिक रोजगारको अवसर**

**THE QATARI MODERN MAINTENANCE CO (QMMC, DOHA**

पुनः विज्ञापन पूर्व स्वीकृति मिति : 2021/02/02 Lt No.: 235919 चलानी नं.: 60154367

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्युनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MECHANIC | 3 | स. का. दक्ष | 1100 | ३५,३१० | कम्पनीको नियमअनुसार | ८ घण्टा | ६ दिन | क. नियमअनुसार | छ | छ | २ वर्ष |
| 2 | ELECTRIC TECH | 14 | | 1100 | ३५,३१० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

अन्तरर्वाता Sky Star Recruitment Pvt. Ltd. को कार्यालयमा मिति 9th April 2021 हुनेछ ।

**स्काई स्टार रिक्रुटमेन्ट प्रा. लि.**

श्रम इजाजत नं. १०७८/०७३/०७४

P.O. Box: 19422 Sukedhara- 4, Kathmandu-Nepal,
Tel: +977-1-5902344 / 5902345/5902346, Email: skystar1078@gmail.com
raza786md@yahoo.com, Web site: www.skystarrecruitment.com



**Saudi मा रोजगार**

**1. Platform Cafe**

पुर्व स्वीकृती मिति: २०७७/१२/१९ चलानी नं.: ६०१५६५०६ LT No.: 238282

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Coffee Maker | 2 | काममा दक्ष | 1200 | ३६,८८०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

**2. Bassam Salman Mufreh Al-Khalidi Restaurants to Provide Meals**

पुर्व स्वीकृती मिति: २०७७/१२/१९ चलानी नं.: ६०१५६५०५ LT No.: 238284

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Restaurant Labour | 5 | साधारण | 1000 | ३०,७३४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

**3. Al-Reef Al-Ahmadi Company for Meals**

पुर्व स्वीकृती मिति: २०७७/१२/१९ चलानी नं.: ६०१५६५०७ LT No.: 238280

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Restaurant Labour | 2 | साधारण | 1000 | ३०,७३४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

**4. Kafa Coffee Est to Provide Meals** पुर्व स्वीकृती मिति: २०७७/१२/१९ चलानी नं.: ६०१५६५०४ LT No.: 238285

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Restaurant Labour | 03 | काममा दक्ष | 1000 | ३०,७३४।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Waiter | 02 | | 1200 | ३६,८८०।- | | | | | | | |

**5. Dokhna Zaman Restaurant** पुर्व स्वीकृती मिति: २०७७/१२/०२ चलानी नं.: ६०१५६३५२ LT No.: 237063

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Restaurant Workers | 2 | काममा दक्ष | 1200 | ३६,८८०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

**6. Eastern Coffee Est To Provide Drinks** पुर्व स्वीकृती मिति: २०७७/११/२३ चलानी नं.: ६०१५६३५४ LT No.: 236555

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Juice Maker | 1 | काममा दक्ष | 1200 | ३६,८८०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

**7. Bashayer Ali Ahmed Qabouly Metal Workshop**

पुर्व स्वीकृती मिति: २०७७/१२/१९ चलानी नं.: ६०१५६५०१ LT No.: 238288

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Normal Labour | 3 | साधारण | 1000 | ३०,७३४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु: १०,०००/- कामदार आफैले |

अन्तरवार्ता २०७७ चैत्र २७ गते (09 Apr. 2021) यस प्रा. लि. को कार्यालय, धुम्बराही, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**KATHMANDU H.R. SOLUTION PVT.LTD.** Govt. Lic. No.: 1410/074/075

Dhumbarahi-9, Kathmandu, Ph. No : 01-4371271, 4371714, Fax: 4375136
Email : kathmanduhrsol@gmail.com, Web : www.kathmanduhr.com


**खैरहनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खैरहनी, चितवन**
**३ नम्बर प्रदेश, नेपाल**

## एक्सरे मेशीन खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/१२/२०**

यस नगरपालिकाको लागि तपसिल उल्लेखित एक्सरे मेशिन तपसिलमा उल्लेखित संख्यामा आवश्यक भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ तथा नियमावली २०६४ को नियम ३१ (१) बमोजिम यो बोलपत्र आव्हान गरिएकोछ । ईच्छुक ईजाजत प्राप्त मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको उत्पादक, डिलर वा सप्लायर्सले निम्न शर्तहरूको अधिनमा रही रित पूर्वकको गोप्य सिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि ३० (तिस) दिने सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | ठेक्का विवरण | इकाई | संख्या | लागत अनुमान (मू.अ.कर समेत) | बोलपत्र फाराम दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | 025/MF/CHT-KMun/NCB/2077-078 | Procurement of 500 MA High Frequency X-Ray Nachine and CR System (Delivery, Insallation, Testing and Commissioning) | थान | १ | ३८,९८,५००।०० | ३,०००।- | ११७,०००।०० | |

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३० दिनको कार्यालय समय भित्रमा आवश्यक कागजातहरू सहीत रु.३,०००।-(तिन हजार) राजस्व तिरी बोलपत्र फाराम खरिद गर्न सक्नेछन ।
२. उत्पादक, डिलर वा सप्लायर्सले बोलपत्रसाथ आ.व. २०७७/२०७८ का लागि नविकरण भएको ईजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७६/०७७ सम्मको आयकर चुक्ताको प्रमाण पत्रको प्रतिलिपीहरू पेश गर्नु पर्नेछ ।
३. पेश भएका बोलपत्र ३१ औं दिन दिनको १२.०० बजेसम्म खैरहनी नगरपालिकामा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएको सिलबन्दी बोलपत्र सोही दिन दिनको २.०० बजे यस कार्यालयमा सम्बन्धित कार्यालयका प्रतिनिधिहरू र बोलपत्रदाताका प्रतिनिधिहरूको रोहबरमा खोलीने छ । तर बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. बोलपत्र फाराम खरिद एवं दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमश: अन्तिम दिन मानिने छ ।
५. बोलपत्रको खाममा ठेक्का नं., ठेक्काको नाम उल्लेख गरी सिलबन्दी गरी पेश गर्नु पर्नेछ । सिलबन्दी बोलपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । बोलपत्रदाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाई मान्यता दिईनेछ । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।
६. बोलपत्रदाताले बोलपत्र दर्ता गर्दा धरौटी वापतको रकम यस नगरपालिकाको नाउँमा कृषि विकास बैङ्क पर्सा शाखामा रहेको धरौटी खाता नं. ०५०९१०११५१०६४०४३ मा जम्मा गरेको सक्कल बैङ्क भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
७. कुनै पनि कारण जनाइ वा नजनाई निजको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । कुनै विवाद भएमा खैरहनी नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।
८. यस सूचनामा उल्लेख भएका कुराहरूमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरूको हकमा प्रचलीत कानून बमोजिम हुनेछ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

# संसदीय समितिद्वारा विकास आयोजनाको अनुगमन



■ सौर्य समाचार

म्याग्दी । गण्डकी प्रदेशसभा अन्तर्गतको अर्थ तथा विकास समितिले जिल्लामा सञ्चालित विकास आयोजनाको स्थलगत अनुगमन थालेको छ । समितिका सभापति दीपक कोइराला नेतृत्वको टोलीले प्रदेश सरकारले जिल्लामा सञ्चालन गरेका विकास आयोजनाको बुधबारदेखि अनुगमन सुरु गरेको हो ।

भौतिक पूर्वाधार, पर्यटन, उद्योग वन तथा वातावरण र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयद्वारा सञ्चालित योजना तथा कार्यक्रम कार्यान्वयन र प्रभावकारिताको अवस्थाका विषयमा अध्ययन थालेको टोलीले जनाएको छ ।

टोलीमा सभापति कोइरालासहित प्रदेशसभा सदस्य जनकलाल श्रेष्ठ, विनोद केसी र हरि शरण बस्नेतका साथै प्रदेशसभा सचिवालयका तीन कर्मचारी सहभागीता रहेको छ । बुधबार बेनी नगरपालिका, मंगला, मालिका र धवलागिरि गाउँपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको अनुगमन गरेको टोलीले बिहीबार रघुगंगा र अन्नपूर्ण गाउँपालिकाको आयोजना अनुगमन गर्ने जनाएको छ ।

प्रदेश सरकारले बजेट विनियोजन गरेर सञ्चालन गरेका आयोजना तथा कार्यान्वयनको अवस्था, कार्यान्वयनका क्रममा देखिएका समस्या, उपलब्धि र प्रभावकारिता पहिचानका लागि स्थलगत अनुगमन थालिएको सभापति कोइरालाले जानकारी दिए । 'प्रदेश सरकारले सञ्चालन गरेका विकास आयोजना तथा कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि सुझाव दिन प्रतिवेदन तयार पारेर संसद्लाई पेस गर्छौं', उनले भने, ' विकास आयोजनामा देखिएका ढिलासुस्ती, विवाद समाधानका साथै सरोकारवालालाई जवाफदेही बनाउन अनुगमन गरिएको हो ।'

टोलीले बेनी-दरवाङ, दरवाङ-धारापानी-ताकम-मुना, मुना-लुलाङ सडक आयोजना, छ्यारछ्यारे, दाङखोला, भारवाङखोला मोटरेबल पुल, प्रदेश सरकार र धवलागिरि गाउँपालिकाको साझेदारीमा सञ्चालित मुना स्वास्थ्य चौकीको निर्माणाधीन भवन अनुगमन गरेको थियो ।

आयोजना निर्माणस्थलमा खटिएका मजदुर, निर्माण व्यवसायी, प्राविधिक र स्थानीय तहका जनप्रतिनिधिसँग छलफल गरेको थियो । ५० प्रतिशत भौतिक प्रगति भएको बेनी-दरवाङ सडकको पहिलो प्याकेजको ठेकेदार कम्पनी लामा-समानान्तरणका इञ्जिनियर सुनिल खत्रीले सडकमा पर्ने विद्युत्का पोल नहटाउँदा काम गर्न समस्या भएको बताए ।

'विद्युत् प्राधिकरणलाई बेनीदेखि तातोपानीसम्म सडकको छेत्राधिकारमा पर्ने २८ वटा पोल सार्न एक वर्षअघि नै १२ लाख रुपैयाँ भुक्तानी गरेका थियौँ,' उनले भने, 'प्राधिकरणले समयमा पोल नसारिदिँदा सडक विस्तार, नाली, पर्खाल निर्माण र ग्राबेल गर्ने काम प्रभावित भएको छ ।'

सडक आसपासका प्रभावित बासिन्दाको अवरोध र विवादका साथै ठेक्का सम्झौताअनुसार ढुंगा, गिट्टी र बालुवाको व्यवस्थापन हुन नसक्दा पर्याप्त मजदुर र उपकरण परिचालन गर्न नसकेको बेनी-दरवाङ सडकको दोस्रो प्याकेजको ठेकेदार बिरुवा-क्याराभानका प्रतिनिधि सोमनाथ थकालीले बताए । धवलागिरि गाउँपालिकाका अध्यक्ष थमसरा पुनले दरवाङ-धारापानी सडकको काम सन्तोषजनक भइरहे पनि दाङखोलाको मोटरेबल पुल ठेक्का सम्झोता भएको डेढ वर्षसम्म पनि सुरु नभएको, भारवाङखोला र मराङखोला मोटरेबल पुल लक्ष्यअनुसार अघि नबढेको बताए ।

मालिका गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद रोका र उपाध्यक्ष खरमाया बिटालुले गाउँपालिका प्रदेश र संघका कार्यालयले समन्वय नगरेको बताए । धवलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले मुना-लुलाङ सडकको महतलाको भिरमा सडक खन्न पूर्वाधार विकास कार्यालयले ठेक्का लगाएको काम समयमा हुन नसक्दा लुलाङ र गुर्जामा सडक निर्माण प्रभावित भएको जानकारी दिए ।

सबै पालिकाका आयोजनाको अनुगमन र सरोकारवालासँग छलफल गरेपछि बेनीमा अन्तर्क्रिया गरेर विकास आयोजना तथा योजना कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि निर्देशन दिइने प्रदेशसभा सदस्य विनोद केसीले बताए ।

# कृत्रिम खुट्टाको सहायताले अटोरिक्सा चलाएर जीवनयापन

■ सुरेन्द्र ताम्राकार



धनगढी । कैलाली धनगढी उपमहानगरपालिका-३ विशालनगर बस्ने भीमबहादुर विक कृत्रिम खुट्टाको सहायताले अटो रिक्सा चलाउँछन् । उनले ०७३ सालमा दुर्घटनामा परी खुट्टा गुमाएका छन् । कैलालीको त्रिनगर भन्सार पूलमा भएको यातायात दुर्घटनामा दाहिने खुट्टा गुमाएका हुन् ।

उनको खुट्टा ट्रकको टायरले किचेको भएर खुट्टा नै काट्नु पर्‍यो । २६ वर्षको युवा अवस्थामा खुट्टा गुमाएका विकले नेपालमा उपचार सम्भव नभएपछि भारतको दिल्लीमा गएर करिब ५० लाख रुपैयाँ खर्च गरेर उपचार गरेको बताए ।

'ट्रक साहूले दिएको १९ लाख र ३१ लाख आफन्तहरूबाट लिएको ऋणले उपचार गरेँ', उनले भने, 'त्यति बेला ऋण लिएको अझैं १६ लाख तिर्न बाँकी छ ।'

दुर्घटनाको दुई वर्षपछि उनको कञ्चनपुरको महेन्द्रनगरमा रहेको एउटा गैह्रसरकारी संस्थाले कृत्रिम खुट्टा हालिदिएको उनले बताए । कमाउनुपर्ने अवस्थामा खुट्टा नै गुमाएपछि उनको परिवारमा ठूलो समस्या नै भयो । घरमा कमाउने पनि उनी नै थिए । ६ जनाको परिवार पाल्नुपर्ने छोरा छोरीलाई पढाउने जिम्मेवारी उनकै काँधमा थियो । उनलाई आर्थिक समस्याले पिरल्यो ।

'सबै परिवार मेरै निर्भरमा थियो मैले खुट्टा गुमाएँ, घर खर्च चलाउनसमेत मुस्किल पर्न थाल्यो, छोराछोरी पढाउनुपर्ने उपचार गर्दा पनि ऋणमा डुबेँ', केही न केही काम गर्नुपर्‍यो भनेर फेरी ऋण झिकेर अटोरिक्सा किनेको भन्दै उनले भने, 'अरू काम गर्न नसक्ने अवस्था थियो अटोरिक्सा त चलाउन सक्छु भन्ने आँट गरेँ । अहिले कृत्रिम खट्टाको सहायताले अटो रिक्सा चलाउँछु ।' उनले तीन वर्षअगाडि किनेको अटोरिक्साको आम्दानीले घर व्यवहार तथा छोराछोरीलाई पढाउन खर्च जुटाउन थाले । अहिले उनका छोरा धनगढी उपमहानगरपालिका-२ मा रहेको निजी विद्यालयमा युकेजी र छोरी दुई कक्षामा पढ्छन् ।

अटोरिक्सा किन्दा झिकेको ऋण अहिले अटोरिक्साबाट नै भएको कमाइबाट चुक्ता गरेको बताउँदै उपचारका लागि झिकेको ऋणसमेत तिरिराखेको बताए । जसोतसो घर खर्चसम्म त उनले चलाएका छन । तर, आर्थिक अभावका कारण उनले म्याद समाप्त भइसकेको कृत्रिम खुट्टा भने फेर्न सकेका छैनन् । उनले भने, 'खुट्टाको म्याद सकिसक्यो तर पैसा नभएर फेर्न सकेको छैन ।' अटोरिक्साको कमाइले घरखर्च, छोराछोरीको पढाइलेखाइमै ठिक हुने भएकाले खुट्टा फेर्न नसकेको उनको भनाइ छ । अटोरिक्सा पनि पुरानो भएको र मर्मत गरिराख्नु पर्ने भएकाले अहिले समस्या भएको छ उनले भने पैसा भएको भए नयाँ किन्न हुन्थ्यो नभएर किन्न सकेको छैन । उनी भन्छन्, 'मान्छेले जीवनमा हरेस खानु हुँदैन सकेसम्म मिहिनेत गरेर खानुपर्छ । मैले हरेस खाएको भए कहाँ हुन्थ्यो । आफूले सक्ने काम गर्नुपर्छ, अरूको भरोसामा बाँच्नुभन्दा आफूले गर्न सक्ने काम गर्नु राम्रो हो ।' आफूले आँट र साहस गरेकाले समाजमा अपांग भएर पनि केही गर्न सकिन्छ भन्ने उदाहरण देखाएको उनको भनाइ छ । उनी विदेशमा गएर काम गर्नुभन्दा स्वदेशमै आफूले सक्ने काम गरे राम्रो कमाइ हुन्छ । उनी विदेशमा गएर काम गर्नुभन्दा आफ्नै देशमा केही काम गर्न युवाहरूलाई सुझाउँछन् ।

सरकारले अपांगलाई क्षमता अनुसाको तालिम दिएको भए जीविकोपार्जनमा सहज हुने उनको भनाइ छ । तर सरकारले बेवास्ता गरेको उनको गुनासो छ । उनले भने, 'हामी जस्तालाई सरकारले व्यवसाय गर्न अनुदान दिएको भए आय आर्जनमा वृद्धि हुन्थ्यो ।'

# तामागढीदेखि सिम्रौनगढ हुलाकी सडकको उद्घाटन

■ दीपेन्द्र जयसवाल

बारा । जिल्लाको कोल्हबी नगरपालिकाको सिमाना तामागढीदेखि सिम्रौनगढ हुलाकी सडकको बिहीबार एक कार्यक्रमका बीच कोल्हबी नगरपालिका नगरप्रमुख भरतबहादुर भण्डारी र हुलाकी सडक डि दरोगा साहद्वारा संयुक्त रूपमा उद्घाटन सम्पन्न भएको छ । सड्क उद्घाटनसँगै कोल्हबीका जनताको ३० औं वर्षको विकास निर्माणको सपना साकार भएको छ ।

भारत सरकारको अनुदान सहयोगमा निर्मित हुलाकी राजमार्गअन्तर्गत तामागढीदेखि सिम्रोनगढ सडक लम्बाइ ३९ दशमलव ७५ किमि रहेको छ । उद्घाटन कार्यक्रममा प्रमुख



प्रशासकीय अधिकृत हरेन्द्रकुमार श्रेष्ठ, वडा-१ का वडाध्यक्ष वीरेन्द्रप्रसाद चौधरी, वडा-७ का वीरेन्द्रप्रसाद चौधरी, वडा-९ का वडाध्यक्ष योगेश चौधरी लगायत समाजसेवी बुद्धिजीवी तथा स्थानिय बासिन्दाहरूको उपस्थिति रहेको थियो ।

# चुरेका सबै वडा सडक सञ्जालसँग जोडिए

■ सौर्य समाचार

धनगढी । कैलालीको चुरे गाउँपालिकाका ६ वटै वडाहरू सडक सञ्जालसँग जोडिएका छन् । गाउँपालिकामा रहेका ६ वटै वडामा जनप्रतिनिधिले सडक पुऱ्याउन प्राथमिकता दिएपछि सबै वडा सडक सञ्जालसँग जोडिएका हुन् ।

गाउँपालिकाका सबै वडा सडक सञ्जालसँग जोडिएपछि स्थानीय बासिन्दालाई सहज भएको छ । सडक गाउँघरमै पुगेपछि स्थानीय उत्पादित बस्तुले बजार पाउन थालेको चुरे गाउँपालिका-२ का स्थानीय नरबहादुर साउँदले बताए ।

सडक नपुग्दा स्थानीय उत्पादित बस्तु घरमै थन्क्याउनुपर्ने बाध्यता थियो अहिले उचित बजारमूल्य पाउन थालेको छ । स्थानीय उत्पादित बस्तुले उचित बजार मूल्य पाउन थालेपछि स्थानीय बासिन्दाको आयआर्जनमा वृद्धि भएको उनले बताए ।

जिल्लाको पहाडी भेगमा पर्ने सो गाउँपालिका कृषि र पशुपालनका लागि उपयुक्त मानिन्छ । सुन्तला, अदुवा, कागती, बेसारको पकेट क्षेत्रका रूपमा रहेको चुरेका सबै वडामा सडक पुगेपछि स्थानीय उत्पादित बस्तुले उचित बजार मूल्य पाउन थालेको स्थानीयको भनाइ छ ।

चुरे गाउँपालिका-२ मा गएको कात्तिकमा सडक पुगेपछि उत्पादित सुन्तला लगायतका बस्तुले उचित बजार मूल्य पाउँदा स्थानीय हर्षित भएको हर्कबहादुर साउदले बताए । सडक नपुग्दा फलेका सुन्तला बारीमै कुहिने गरेकोमा यसपाली किसानले बारीमै प्रतिकिलो ८० रुपैयाँका दरले बिक्री गरेको साउदले बताए । स्थानीयले सुन्तला मात्र होइन उत्पादित अन्य फलफूल बिक्री गरेर मनग्य आम्दानी गरेको उनको भनाइ छ ।

सबै वडा सडक सञ्जालसँग जोडिएपछि स्थानीयबासिन्दाहरू निकै खुसी भएको स्थानीय दलवीर दमाइले बताए । चुरे गाउँपालिकामा रहेका ६ वडा मध्ये ५ वडामा गतवर्ष नै सडक पुगेको थियो भने यस वर्ष चुरे गाउँपालिका-२ खैरालामा सडक पुगेको वडाध्यक्ष तारा सिंह साउदले बताए ।

यसैगरी कैलालीको चुरे गाउँपालिका-२ र ४ मा रहेको गर्भादरबारसम्म सडक पुगेपछि गाउँपालिकाका सबै वडा सडक सञ्जालसँग जोडिएको गाउँपालिकाका उपाध्यक्ष दीपादेवी साउदले बताइन् । सबै वडा गाउँपालिकाको केन्द्रसम्म सडक पुगेकोले अब आगामी आर्थिक वर्षदेखि सडक स्तरोन्नतिको कामलाई प्राथमिकता दिइने उपाध्यक्ष साउदको भनाइ छ । गाउँपालिकाका अध्यक्ष धनबहादुर रोकामगरले आफूहरूले विकासको जग बसालेको बताए ।

# आयआर्जनका लागि बाख्रा र मकैको विउ वितरण

■ सौर्य समाचार

तनहुँ । जिल्लाको बन्दीपुर गाउँपालिकाले अपांगता भएका व्यक्तिलाई आयआर्जनका लागि बाख्राको पाठी र कृषकलाई मकैको बिउ वितरण गरेको छ । गाउँपालिकाले बन्दीपुर-१ का सात जना अपांगता भएका व्यक्तिलाई मूल पुँजी बिउअन्तर्गत एक/एक बाख्रा र पालिकालाई बिउमा आत्मनिर्भर बनाउन मकैको बिउ वितरण गरेको हो । गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापा, प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदी र वडाका वडाध्यक्ष भानुभक्त पोखरेलले संयुक्तरूपमा अपांगता भएकालाई बाख्राको पाठी हस्तान्तरण गरेका हुन् ।

गाउँपालिकाको आर्थिक सहयोग तथा नेत्रहीन संघको आयोजनामा एक कार्यक्रमका बीच बाख्रा वितरण गरिएको गाउँपालिका कार्यालयले जनाएको छ । न्यून आय भएका तथा विपन्न वर्गका विशेषगरी नेत्रहीनसम्बन्धी अपांगता भएका छनोट गरी बाख्रा प्रदान गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवेदीले जानकारी दिए ।

लक्षित वर्ग कार्यक्रमअन्तर्गत मूल पुँजी बिउअनुरूप ७५ हजार रुपैयाँ बराबरको बाख्रा वितरण गरिएको हो । उनीहरूलाई बाख्रापालनतर्फ आकर्षित गराएर आत्मनिर्भर बनाउने उद्देश्य रहेको छ । गाउँपालिकाले सुरुमा सानो सहयोग गरे पनि पछि यसबाट राम्रो उत्पादन गरी व्यावसायिकरूपमा लाग्न हौसला मिलोस् भन्ने उद्देश्यले सहयोग गरिएको गाउँपालिकाका अध्यक्ष थापाले बताए । यसैगरी जिल्लाको बन्दीपुर गाउँपालिकाले बिउमा आत्मनिर्भर बनाउने उद्देश्यले मूल



बिउ वितरण गरेको छ । गाउँपालिकाले अरुण-२ उन्नत जातको १ सय २० किलोग्राम मकैको बिउ मूलबिउका लागि वितरण गरेको हो । गाउँपालिकाभित्रका कृषक बिउका लागि अन्यत्र धाउनु नपर्ने गरी उन्नत बिउमा आत्मनिर्भर बनाउनका लागि मूल बिउ वितरण गरिएको बन्दीपुर गाउँपालिका कृषि शाखाका प्रमुख सुलभ अधिकारीले जानकारी दिए । वीज वृद्धिका लागि समूह र सहकारीको मागअनुरूप बिउ उपलब्ध गराइएको हो । उनले भने, 'मूल बिउबाट उत्पादित बिउ अर्को वर्ष कृषकलाई पुनः वितरण गरिनेछ ।'

नेपाल कृषि अनुसन्धान परिषद्बाट उत्पादन गरिएको उन्नत मकैको बिउ वितरण गरिएको सो पालिकाले जनाएको छ । कृषकले बिउ खोज्दै हिँड्नुपर्ने समस्यालाई अन्त्य गर्नका लागि पालिकाले यस किसिमको अभियान चालेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदीले जानकारी दिए ।

यसैगरी तरकारी खेतीका लागि ४७ घरधुरीका कृषकलाई टनेल निर्माणका लागि ९५ थान प्लास्टिक वितरण गरिएको उनले जानकारी दिए । गाउँपालिकाको ६० प्रतिशत र कृषकको ४० प्रतिशत लगानीमा बिउ र टनेल वितरण गरिएको उनले बताए ।

गाउँपालिकाले धान, सुन्तला र मकै खेतीका लागि पकेट क्षेत्र बनाउनका लागि विभिन्न क्षेत्रलाई प्रस्तावित गरेको छ । धरमपानी क्षेत्रलाई सुन्तला, शेराटारलाई मकै र झप्रीलाई धानखेतीका लागि पकेट क्षेत्र बनाउन प्रस्तावित गरेको हो । उक्त स्थानको छिट्टै अवलोकन तथा अनुसन्धान गरी पकेट क्षेत्र घोषणा गर्ने योजना गाउँपालिकाको रहेको बताइएको छ

# लालपुर्जा पाएपछि दंग

■ सौर्य समाचार

महोत्तरी । कैयौँ वर्षदेखि आफ्नो जग्गा छ भन्न नपाएका महोत्तरीको मटिहानी नगरपालिका-१ का गरिब घरजग्गाको लालपुर्जा पाएपछि दंग भएका छन् । पहिलेको धिरापुर गाविसमा पर्ने (हाल, मटिहानी-१) का सिरसिया र धिरापुरका घरवासी बुधबार आफ्नो नाउँमा जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) पाएर दंग भएका हुन् ।

'लाग्छ, जिन्दगीमा ठूलै कुरा पाएका छौँ', बुधबार नापी कार्यालय महोत्तरी जलेश्वरले दिएको जग्गाधनी प्रमाणपुर्जा देखाउँदै मटिहानी-१ का ७० वर्षीय बिल्टु मण्डलले भने, 'अब आफ्नै जग्गामा घर छ भन्नेमा ढुक्क भएका छौँ ।' नापी कार्यालय महोत्तरीले एक दशकअघि नापी गरिएको सिरसिया र धिरापुर बस्तीका गाउँब्लकभित्रका १ सय ६३ घरधुरी धनीलाई बुधबार जग्गाधनी प्रमाणपुर्जा प्रदान गरेपछि यी दुवै बस्तीमा खुसी छाएको हो ।

नापी कार्यालय महोत्तरीले जगाधनी प्रमाणपुर्जामा घरधनी मूलीको निधन जीवित भए दुवैको संयुक्त नाउँ उल्लेख गरेपछि महिलामा पनि घरजग्गाको स्वामित्व स्थापित भएको छ । यसले महिलामा आत्मगौरव बढाएको मटिहानी नगरप्रमुख हरिप्रसाद मण्डल बताउँछन् ।

नापी कार्यालय महोत्तरीले चालु आव ०७७/७८ को हालसम्मको अवधिमा यसअघिका लक्ष्मीनियाँ, बलवा गाविसमा घरवासीलाई गाउँब्लकको जग्गाधनी प्रमाणपुर्जा वितरण गरी सकेको छ । पछिल्लोपटक धिरापुरसहित जम्मा नौ सय जग्गाधनी प्रमाणपुर्जा प्रदान गरिएको नापी कार्यालय महोत्तरी जलेश्वरका प्रमुख राकेशकुमार झा 'रसिक' ले जानकारी दिए । कार्यालयले जारी चैत महिनाभित्रै यसअघिका किसाननगर, पशुपतिनगर र मनरा गाविसका गाउँब्लकभित्रको जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने जनाएको छ ।

साविक गाउँब्लकका जग्गा नाप गरी जग्गाधनी प्रमाणपुर्जा प्रदान गर्न एक दशकअघि नै नापी टोली खटाई घरजग्गा नाप गरिएको थियो । लामो समयसम्म वितरण हुन नसकेको जग्गाधनी प्रमाणपुर्जा कार्यालयले क्रमशः वितरण गर्दै

चिन्तन

**यदि उनीहरूले घृणा गर्न सिक्न सक्छन् भने उनीहरूलाई माया गर्न सिकाउन सकिन्छ, किनकि घृणाभन्दा प्रेम मानव हृदयमा स्वभाविक रुपमा उत्पन्न हुन्छ ।**

**–नेल्सन मन्डेला**

# सम्पादकीय

## कोराना महामारीको दोस्रो लहर

छिमेकी मुलुक भारतमा गत फागुनदेखि सुरु भएको कोरोनाको दोस्रो लहर खुला सिमानाका कारण छिटै नै नेपाल प्रवेश गर्ने त होइन ? भन्ने आशंका गरिएको थियो । यो आशंका यथार्थमा परिणत भएको छ । फागुन यता भारतबाट नेपाल फर्कने मध्ये कतिजनाले कोरोना ल्याए ? मुलुकका कुन कुन गाउँ तथा सहरका टोलटोलमा पुऱ्याए ? भन्ने अनुमान गर्नसमेत सकिने अवस्था छैन । खुला सिमाना भएकोले भारतबाट आउनेहरूको अभिलेख राख्ने प्रचलन छैन । धेरै नेपाली कार्यरत भारतका महाराष्ट्र, गोवा, गुजरात, लगायतका क्षेत्रमा कोरोनाको दोस्रो महामारी सुरु भएपछि नगारिक समाजका अगुवा तथा विज्ञहरूले नेपाल आउनेहरूको अनुगमनका लागि सरकारमाथि दबाब दिएका थिए । तर, एक महिनासम्म सरकारले कानमा तेल हालेर बस्यो । एक साताअघि मात्रै सरकारले नेपाल–भारत सीमाक्षेत्रका १४ नाकामा हेल्थ डेस्क सञ्चालन गरी कोरोना परीक्षण सुरु गरेको छ । परीक्षणका क्रममा ८७ जनामा कोरोना पुष्टि भएको छ । यो त मोटामोटी जाँच मात्रै हो । आफ्नो देशमा आउँदा विगतमा जस्तै कष्ट बेहोर्नुपर्ने आँकलन गरी ससाना नाका तथा चोरबाटोबाट आउने नेपालीको संख्या धेरै ठूलो छ । भारतमा रहेका नेपाली मात्रै होइन, भारतीय पर्यटक पनि नेपाल आउने सिजन हो यो । चैतदेखि असारसम्म पोखरा क्षेत्रमा भारतीय पर्यटकहरू उल्लेख्य रूपमा आउने गर्दछन् । उनीहरू अधिकांश भैरहवा हुँदै पोखरा प्रवेश गर्दछन् । एक साताको यो अवधिमा पोखराको इन्जिनियरिङ कलेजमा मात्रै ८० जना विद्यार्थी संक्रमित भएका छन् । राजधानी काठमाडौं उपत्यकाको अवस्था पनि त्यतिकै भयावह छ । गत बुधबार राजधानी काठमाडौं उपत्यकामा ६७ जना संक्रमित थपिए । जसमध्ये अधिकांश शिक्षक तथा विद्यार्थीहरू छन् ।

पछिल्लो दुई साताको अवधिमा मुलुकभर १ हजार ७ सय ७८ जना नयाँ संक्रमित थपिएका कारण चिकित्सकहरूले नेपालमा पनि कोरोनाको दोस्रो लहर सुरु भइसकेको विश्लेषण गरेका छन् । अस्पतालका आइसियू कक्षहरू कोरानाका बिरामीले भरिन थालेका छन् । यो अवधिमा करिब दुई दर्जन संक्रमितको मृत्यु भइसकेको छ । संक्रमणको पहिलो लहर सुरु हुँदा मुलक लक डाउनको अवस्थामा थियो । पछि लकडाउन खुकुलो हुँदै गर्दा पनि शिक्षण संस्थाहरू पूरा बन्द थिए । मानिसहरू घरबाट बाहिर निस्कँदा सजग हुने गर्थे । माक्स लगाउने बानी नै परेको थियो । सवारी साधनमा भिडभाड हुँदैनथ्यो । भारतबाट नेपाल छिर्नेहरूले पनि चोर बाटो प्रयोग नगरेका कारण अनुगमन गर्न र क्वारेन्टाइनमा राख्न सहज भएको थियो । यसका बाबजुद कोराना संक्रमणको वृद्धि दर बढेर दैनिक ५५ सयसम्म पुगेको थियो । तर अहिले दोस्रो लहर सुरु हुँदै गर्दा शिक्षण संस्थाहरू पुरै खुलेका छन् । नेपालभर विद्यार्थीको संख्या करिब ८० लाख छ । शिक्षकहरूको संख्या करिव पाँच लाख छ । एक जना शिक्षक संक्रमित हुँदा विद्यालयभरी संक्रमण फैलन्छ । विद्यार्थीहरूले आफ्नो घरमा पनि संक्रमण पुऱ्याउँछन् । सार्वजनिक यातायातका साधनमा मानिसहरू कोचाकोच हुने गरेका छन् । अधिकांशले मास्क प्रोग गर्दैनन् ।

दोस्रो लहरको कोरोना सुरु हुने संकेत देखिँदै गर्दा सरकारले सुरक्षा सतर्कता अपनाउन नागरिकहरूलाई आग्रह गरेको थियो । विगतमा जस्तो लक डाउन नगरिने सरकारले जनाएको थियो । यसबाहेक सरकारका तर्फबाट थप पहल भएको छैन । रोगभन्दा भोकको निवारण प्राथमिकतामा पर्ने भएकोले हाम्रो जस्तो गरिब मुलुकका लागि लक डाउन गतिलो विकल्प होइन भन्ने कुरा प्रमाणित भइसकेको छ । लक डाउन संभव नभए पनि सतर्कताका अन्य विकल्प अपनाउन ढिलाइ गर्नु हुँदैन । सार्वजनिक यातायात र शिक्षण संस्था केही दिनका लागि बन्द गर्नै पर्छ । भारतबाट नेपाल आउनेहरूका लागि सुविधा सम्पन्न क्वारेन्टाइनमा निःशुल्क खाने बस्ने व्यवस्थासहित दैनिक भत्ताको समेत प्रबन्ध गर्नुपर्छ ।

## लेखकवर्गमा हार्दिक अनुरोध

सौर्य दैनिकमा समसामयिक लेख, रचना पठाउँदा तलका ईमेल ठेगानामा पठाउनु हुन हार्दिक अनुरोध गरिन्छ info@souryadaily.com अथवा bghimire034@gmail.com.

लेख, रचना सकेसम्म ८ सयदेखि १२ सय शब्दसम्मका उपर्युक्त हुनेछन प्रकाशित लेख रचनाहरूका उचित प्रारिश्रमिक प्रदान गरिनेछ

सर्म्पक टेलिफोन नम्बर ०१४४२०१९५ अथवा ९८४१५५४६९८

# कोरोनाले कसरी शिथिल पार्दैछ अर्थतन्त्र ?



केबी बस्नेत

सरकारी तथ्यांकअनुसार नेपालको कुल गार्हस्थ्य उत्पादन वा जिडिपी साढे ३४ खर्ब रुपैयाँ छ । वर्षभरिको देशका यावत् आर्थिक गतिविधि, उत्पादन र कमाइ जोड्दा हुन आउने रकम नै जिडिपी हो । सरकारले यो कुल परिमाणलाई सात प्रतिशतले बढाउने लक्ष्य राखेको थियो । तर कोरोना भाइरस संक्रमणको विश्वव्यापी महामारीले निम्त्याएको 'लक डाउन' ले सरकारको लक्ष २० प्रतिशत पनि पूरा हुन सकेन ।

कोरोना संक्रमण जति लम्बिन्छ, त्यति नै यसको घातक असर बढ्दै जाने निश्चित छ । अघिल्लो आर्थिक वर्ष विदेशमा रोजगारी गरिरहेका लाखौं नेपालीले कमाएर घर पठाएको विप्रेषण आम्दानी ८ खर्ब ७९ अर्ब रुपैयाँ थियो । त्यो देशको कुल गार्हस्थ्य उत्पादनको एकचौथाइ हो । ठूलो योगदान गर्ने यो क्षेत्र कोरोनाभाइरस संक्रमणका कारण गम्भीर जोखिममा परेको छ ।

पर्यटनले नेपालको कुल गार्हस्थ्य उत्पादनमा ठ्याक्कै कति योगदान गर्छ भन्नेमा स्पष्ट छैन । तर, कम्तीमा तीनदेखि सात प्रतिशत योगदान गर्ने ठानिएको छ । भनिन्छ एक जना विदेशी पर्यटक आउँदा नौ जनाको रोजगारी सिर्जना हुन्छ । नेपालमा वार्षिक १३ लाख विदेशी पर्यटक आउन गरेकोमा सन् २०२० मा करिव डेढ लाख मात्रै विदेशी पर्यटक आए । पर्यटन क्षेत्रमा लागेका मध्ये कम्तिमा पनि ३० लाखले रोजगारी गुमाएको यो तथ्यांकले देखाउँछ । कोरोना भाइरस महामारीले विश्वभरि नै सबैभन्दा मारमा परेको भनेको पर्यटन तथा यातायातको क्षेत्र नै हो । एक त जीवन र जीविका नै खतरामा परेपछि बाहिर डुल्न निस्किन सक्नेको संख्या लामैसम्म कम रहने देखिन्छ भने अर्कोतिर चाहना नै भए पनि 'लक डाउन' र सामाजिक दुरी कायम राख्नुपर्ने तथा क्वारेन्टाइनमा बस्नुपर्ने अवस्थामा समयमा मानिस घुमफिरमा उत्सुक हुँदैनन् । जो पर्यटक भएर यहाँ आउँथे ती मानिस नै बेरोजगार भएको अवस्था छ । साना/मझौला व्यवसायीले कुल गार्हस्थ्य उत्पादनमा २२ प्रतिशतको योगदानका साथै १७ लाखलाई रोजगारी दिएका थिए, तर उनीहरूको व्यवसाय समाप्त भएको छ ।

कोभिड-१९ रोगको कारण लाखौं व्याक्तिहरूको मृत्यु भएको छ भने करोडौं संक्रमित भई उपचारको अवस्थामा छन् । आज विश्वले एकैपटक स्वस्थ्य र आर्थिक संकट बेहोर्नुपरेको कारण गरिबी, बेरोजगारी र आय असमानता बढ्ने अनुमान छ ।

कोभिड-१९ रोगको संक्रमणबाट हुन सक्ने जोखिमलाई नियन्त्रण गर्न गरिएको बन्दाबन्दीपछि बैंक तथा वित्तीय संस्थाहरूमा कर्जा लगानी अत्यन्त न्यून भएको कारण निक्षेपमा क्रमशः वृद्धि हुँदै गइरहेको छ । फलतः वित्तीय बजारमा अधिक तरलताको अवस्था सिर्जना भएको छ । कर्जा प्रभावकारी मात्रा बढ्न नसक्दा ब्याज आम्दानीमा उल्लेख्य मात्रामा कमी आउने देखिन्छ भने निक्षेप संकलन निरन्तर रूपले बढ्दै गई बैंकिङ क्षेत्रमा अत्यधिक तरलताको अवस्थामा लामो समयसम्म रहिरहँदा र अर्थतन्त्रमा नयाँ लगानीका अवसरहरू थप हुन नसक्दाको अवस्थामा वित्तीय संस्थाहरूको सञ्चालन मुनाफामा समेत असर पर्ने कुरा निश्चित छ ।

आज विश्वमा अर्थतन्त्र सन् १९३० को दशकको महामन्दीपछिको ठूलो संकुचनमा गएको छ । यति मात्र होइन, कोभिड-१९ को संक्रमणपछि यसको नियन्त्रण तथा रोकथामका लागि विश्वव्यापी रूपमा अवलम्वन गरिएको उपायहरूबाट उत्पादनदेखि आपूर्तिसम्मका शृंखला अवरुद्ध भई विश्व अर्थतन्त्र संकुचनमा गएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले जुन २०२० मा अध्यावधिक गरेको वर्ल्ड एकोनोमिक आउटलुक अनुसार सन् २०२० मा विश्व अर्थतन्त्र ४ दशमलव ९ प्रतिशतले संकुचन हुने प्रक्षेपण गरेको थियो ।

विकसित मुलुकहरूको अर्थतन्त्र सन् २०१९ मा १ दशमलव ७ प्रतिशतले विस्तार भएकोमा सन् २०२० मा ८ प्रतिशतले संकुचन हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ । उदीयमान तथा विकासशील अर्थतन्त्र सन् २०१९ मा ३ दशमलव ७ प्रतिशतले वृद्धि भएकोमा सन् २०२० मा तीन प्रतिशतले संकुचन हुने र चीनको अर्थतन्त्र एक प्रतिशतले बढ्ने प्रक्षेपण छ । नेपालको आर्थिक वृद्धि भने एक प्रतिशतमा सीमित हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ ।

कोभिड-१९ को कारण साष्टिगत मार्गमा संकुचन आउनुको साथै पेट्रोलियम पदार्थको मूल्यमा समेत गिरावट आएकोले मुद्रास्फीति केही न्यून रहेको छ । अन्तर ाष्ट्रिय मुद्रा कोषको अनुसार विकसित देशहरूमा सन् २०१९ मा मुद्रास्फीति पाँच प्रतिशत थियो भने सन् २०२० मा ४ दशमलव ४ प्रतिशत हुनेछ । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैंक लगायतका संस्थाहरूले कोभिड-१९ रोगको महामारीको कारण विश्व आर्थिक मन्दीतर्फ उन्मुख भएको जनाएका छन् । सन् २०२० मा विश्व अर्थतन्त्र संकुचित हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ । किनभने विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको जोखिमको कारण गरिएको बन्दाबन्दीले उत्पादन, सेवा क्षेत्र आदिमा ह्रास आएको छ ।

विश्व अर्थतन्त्रमा देखिएका चुनौतीहरू सामना गर्न अधिकांश मुलुकहरूले विस्तारकारी मौद्रिक एवं वित्त नीतिहरू अवलम्बन गरेका छन् । कोभिड-१९ संकटबाट सिर्जित अनिश्चितताका बाबजुद धेरै मुलुकहरूले आर्थिक क्रियाकलाप सहज बनाउन बन्दाबन्दी लगायतका व्यवस्थाहरू क्रमशः खुकुलो बनाउँदै लगेका छन् । नेपाल राष्ट्र बैंकको मौद्रक नीतिका अनुसार कोभिड-१९ ले अनपेक्षित चुनौती थपेको छ । नेपालको अर्थतन्त्रमा लगातार तीन वर्ष उच्च आर्थिक वृद्धिपछि आव ०७६/७७ मा प्रभावित क्षेत्रको कर्जा व्यवस्थापन र नेपाल राष्ट्र बैंकको पहलमा सहजीकरण गर्नुपर्ने र वित्तीय साधनहरूलाई उद्यमशीलता विकास, उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्नेतर्फ प्रोत्साहित गर्नुपर्ने भएको छ ।

कोभिड-१९ को कारण कर्जाको प्रभावकारी माग बढ्न नसक्दा व्याज आम्दानीमा उल्लेख्य मात्रामा गिरावट आउने देखिन्छ भने निक्षेप संकलन निरन्तर बढ्दै गई बैंकिङ क्षेत्रमा अत्याधिक तरलताको अवस्था लामो समयसम्म रहिरहँदा र अर्थतन्त्रमा, नयाँ लगानीका अवसरहरू थप हुन सक्दाका अवस्थामा वित्तीय संस्थाहरूको सञ्चालन मुनाफामा समेत प्रभाव पर्न जाने निश्चित छ । विश्वभर फैलिरहेको कोरोना भाइरसका कारण उत्पन्न स्वास्थ्य संकटले सिर्जना गर्न आर्थिक संकट नेपालका लागि पनि अर्थतन्त्रको विस्तार र व्यवस्थापनका थप चुनौती बनेको छ । आन्तरिक आर्थिक क्रियाकलापमा देखिएका शिथिलता, आपूर्ति शृंखलामा परेको असहजताको कारण वित्तीय बजारको सन्तुलन प्रभावित हुने सम्भावना छ । नेपालमा कोरोनाको महामारीपछि आउने बजेट उद्योगमैत्री, व्यवसायमैत्री र किसानमैत्री हुने आमजनताको अपेक्षा थियो । तर, यस्तो हुन सकेन । नेकपा अध्यक्षको नेतृत्वको सरकार आफ्नै कार्यशैलीका कारण चौतर्फी घेराबन्दीमा परेको छ । यो सरकारबाट जनताले विश्वास र समृद्धिको अपेक्षा गरेका थिए । परन्तु आज जनअपेक्षा विपरीतको व्यवहार सहन परिरहको छ । चालु आवमा नेपालको आर्थिक वृद्धिदर २ दशमलव ८ प्रतिशत रहने केन्द्रीय तथ्यांक विभागको प्रारम्भिक अनुमान भए पनि विश्व बैंकको प्रक्षेपणअनुसार यो शून्य दशमलव ६ प्रतिशतमा खुम्चिनेछ । यसबाट यहाँको आर्थिक विकासमा नकारात्मक प्रभाव पर्नेछ । राष्ट्रिय योजना आयोगले गरेको अध्ययनअनुसार कोरोनाले शिथिल पारेको अर्थतन्त्रको सुधार गर्न ६ खर्ब ६५ अर्ब रुपैयाँ आवश्यक पर्नेछ । कोरोनाको कारण नेपाली अर्थतन्त्रमा परेको प्रभाव अध्ययनबाट उक्त आयोगले यो निष्कर्ष निकालेको हो । वस्तुतः गत आर्थिक वर्षको पछिल्लो चार महिना लगभग बन्दाबन्दीमै अर्थतन्त्र गुज्रियो । ११ चैतमा सुरु भएको बन्दाबन्दी असारमा केही खुकुलो भए पनि नयाँ आर्थिक वर्षको पहिलो दुई महिनासम्म निषेधाज्ञमै बित्यो र अर्थतन्त्र चलायमान हुन सकेन । विगत चार/पाँच वर्षयता केही सुधार हुन थालेका आधारहरू धराशायी बने । सबैभन्दा बढी पर्यटन अर्थतन्त्रमा प्रभाव पऱ्यो । अरू क्षेत्रमा विस्तारै सुधार भए पनि बाह्य पर्यटक आगमन लगभग ठप्प हुँदा यहाँको अर्थतन्त्रमा नकारात्मक प्रभाव पऱ्यो । तर, वर्तमान समयमा यहाँको मुद्रस्फीति बढेको र निर्यात घटेकोले अर्थतन्त्रमा केही सुधार हुने लक्ष्यण देखिएको छ ।

# बच्चालाई अन्दाजको भरमा औषधि : भयंकर खतरा



डा. सञ्जयराज थापा

**म आफू कार्यरत ग्रान्डी अस्पतालमा विशेषगरी पिसाबको समस्या भएका बच्चाहरू बढी मात्रामा आउने गरेका छन् । प्रविधिको विस्तारसँगै अहिले हरेक वच्चाहरू मोबाइलको पहुँच नजिक रहेका छन् । उनीहरूले मोबाइल चलाएर विभिन्न खेल खेल्दा वा कार्टुन हेर्दा दिशा वा पिसाबका लागि चर्पी जान बिर्सेका हुन्छन् । जसले गर्दा मूत्रथैलीहरू सुनिन्ने वा पिसाबसम्बन्धी रोगहरू लाग्ने गरेको पाइन्छ**

१६ वर्षभन्दा कम उमेरकालाई हुने जुनसुकै रोगको समस्यालाई बालरोग भनिन्छ । आफूलाई के समस्या भएको हो ? त्यसको लक्षण बताउन बालबालिकाहरूले सक्दैनन् । त्यसैले वयस्कको तुलनामा बालरोग पहिचान गर्न अली बढी समय लाग्छ अर्थात रोग लागेको छ भन्ने बारेमा बच्चाहरू बोल्न नसक्दा रोगको पहिचान गर्न गाह्रो हुन्छ । बच्चाहरूको रोग लागेको छ कि छैन भन्ने कुरा उनीहरूको जीवनयापन परिवर्तनसँगै थाहा हुन्छ । बच्चा रोयो भने, खाना खाएन भने, अन्य व्यवहारमा परिवर्तन गऱ्यो भने स्वास्थ्य समस्या भएको अनुमान गर्नुपर्छ । बच्चाहरू आफ्नो रोगको बारेमा सजिलै भन्न नसक्ने भएकाले डाक्टरलाई पनि बालरोगको बारेमा पहिचान गर्न गाह्रो हुन्छ । त्यसैले वयस्क र वृद्धवृद्धाजस्तो बालरोगको उपचार चुनौतीपूर्ण छ । बच्चाहरू बोल्न नसक्ने भएकाले बच्चाको ससाना रोगहरू थाहा नहुने समेत हुन्छ । नेपालको ४० प्रतिशत जनसंख्या १८ वर्ष मुनिका बालबालिका छन् । त्यसैले बालरोग उपचारको उचित व्यवस्था गर्ने हो भने मुलुकको स्वास्थ्य क्षेत्रको करिव आधा समस्या समाधान हुन्छ । आजका बालबालिका भोलिका कर्णधार भएकोले पनि बालस्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्नु राज्यको कर्तव्य हुन जान्छ । तर, नेपालका दुईतिहाइ बालबालिका स्वास्थ्यसम्बन्धी आधारभूत आवश्यकताबाट वञ्चित छन् । यसको मुख्य कारण भनेको हाम्रो मुलुकको आर्थिक अवस्था हो । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को मानव विकास प्रतिवेदनअनुसार, एसियाका ५८ राष्ट्रहरू मध्ये नेपाल तेस्रो अति गरिब राष्ट्र हो जसको मानव विकास सूचकांक छैटौं न्यून स्थानमा छ । यसका अतिरिक्त धन, भूगोल, भाषा, शिक्षा, जाति, लिंग, उमेर, अपांगता, र आयका आधारमा पनि देशमा निकै असमानता रहेको छ । अधिकांश बालबालिका र किशोरकिशोरीहरू देशले गरिरहेका विभिन्न प्रगतिबाट बाहिर रहेका छन् र कैयौं अधिकारहरूबाट वञ्चित पनि भएका छन् ।

अब गर्मी मौसम सुरु हुँदै छ । यो अवस्थामा स्वास्थ्यसम्बन्धी समस्या देखा पर्छ । जसमध्ये सबैभन्दा समस्यामा पर्ने बालबालिका नै हुन् । गर्मी मौसममा धेरैजसो बालबालिका रोगको सिकार हुन्छन् । यो मौसममा बढी गर्मी हुने भएकाले खाएको खाना राम्रोसँग पच्दैन । त्यसैले गर्मीमा बालबालिकाहरूमा झाडापखाला, आउँ, एलर्जी, ठेउला, दादुराजस्ता समस्या देखा पर्छन् । यो मौसममा चिसा खानेकुरा खाइने भएकाले हाँडे आउने सम्भावना पनि उत्तिकै हुन्छ । यसैगरी औलो, मस्तिष्क ज्वरो पनि आउन सक्छ भने तराईमा मलेरिया हुनसक्छ । त्यसबाहेक दूषित पानीबाट टाइफाइड, हैजा, निमोनिया, घाउखटिरा तथा मेनेन्जाइटिसले सताउनुका साथै जुका पनि पर्न सक्छ ।

सामान्यतयाः एक वर्षमुनिका बालबालिका बढी बिरामी पर्छन् । गर्मीमा मात्र नभई जुनसुकै मौसममा पनि यो उमेरका बालबालिका बढी बिरामी पर्छन् । त्यसबाहेक पाँच वर्षसम्मका बालबालिका पनि बिरामी पर्छन् । बालबालिका बिरामी पर्ने कारण यही हो भन्ने छैन । बिरामी पर्ने धेरै कारण हुन्छन् । रोगको प्रकृतिअनुसार बिरामी हुने कारण पत्ता लगाउन सकिन्छ । गर्मी मौसममा बान्ता तथा झाडापखाला लाग्ने कारण भने दूषित खानपान तथा पानी नै हो । बासी, सडेगलेका तथा झिंगा भन्किएका खानेकुरा, फोहोर पानी अनि फोहोरी हातबाट बनाइएका खानेकुराबाट पनि रोग लाग्नसक्छ । खाना राख्ने तथा खाने भाँडा फोहोर भएर पनि रोग लाग्छ । बजारमा काटेर राखिएका फलफूल नधोइ खानु हुँदैन । यसैगरी सागसब्जी तथा सलाद पनि सफा पानीले नपखाली खाए बिरामी भइन्छ । यो मौसममा झिंगा, लामखुट्टे, फट्यांग्रा तथा भुसुना बढी सक्रिय हुने, जताततै पानी जम्ने अनि खानेकुरा छिट्टै गल्ने भएकाले खानपान एवं रहनसहनमा विशेष ध्यान पुऱ्याउनु आवश्यक छ ।

बालबालिकालाई समस्या भए नभएको कसरी थाह पाउने ? भन्ने कुरा नै बाल स्वास्थ्यको क्षेत्रमा सबैभन्दा महत्वपूर्ण हो । यो कुरा थाह भयो भने समयमै अस्पताल पुऱ्याउन सकिन्छ । रोगले धेरै नच्याप्दै अस्पताल पुऱ्याउन सकियो भने थोरै खर्चमा छिटो सञ्चो हुन्छ । बच्चाहरूलाई रोग लागेको छ कि छैन भन्ने कुरा थाहा पाउने भनेको उनीहरूको जीवनयापन परिवर्तनबाट नै हो । बच्चाको आमालाई यो कुरा छिटो थाहा हुन्छ । बच्चा रोएर, नखाएर, रहनसहन परिवर्तन हुनु नै बालरोग हो । तर ससाना समस्या भने आमालाई थाहा नहुन पनि सक्छ । त्यसैले बच्चालाई रोग नहुँदा पनि तीन महिना वा ६ महिनामा जँचाइरहनुपर्छ । जसले गर्दा बच्चाहरूलाई कुनै रोग लागेको छ वा छैन भन्ने कुरा सहजै थाहा पाउन सकिन्छ । हाम्रो मुलुक गरिब भएकै कारण बालरोग विशेषज्ञ सेवा सरकारले सबै ठाउँमा पुऱ्याउन सकेको छैन । निजी क्षेत्र पनि ठूला सहर तथा राजधानी केन्द्रित छ । म आफू कार्यरत ग्राण्डी अस्पतालमा विशेषगरी पिसाबको समस्या भएका बच्चाहरू बढी मात्रामा आउने गरेका छन् । प्रविधिको विस्तारसँगै अहिले हरेक वच्चाहरू मोबाइलको पहुँच नजिक रहेका छन् । उनीहरूले मोबाइल चलाएर विभिन्न खेल खेल्दा वा कार्टुन हेर्दा दिशा वा पिसाबका लागि चर्पी जान बिर्सेका हुन्छन् । जसले गर्दा मूत्रथैलीहरू सुनिन्ने वा पिसाबसम्बन्धी रोगहरू लाग्ने गरेको पाइन्छ ।

बच्चाहरूलाई जन्मेको पहिलो तीन महिनामा हरेक महिना अस्पताल वा स्वास्थ्य केन्द्रमा लगेर चेकजाँच गर्नु राम्रो हुन्छ । तीन महिना पछाडिपछि एक वर्षसम्म प्रत्येक तीन महिनामा र एक वर्ष नाघेपछि प्रत्येक ६ महिनामा अस्पताल वा स्वास्थ्यकेन्द्र लैजानु उपयुक्त हुन्छ । हाम्रो जस्तो देशका बच्चाहरूलाई सामान्य निमोनियाबाट हुने मेनिनजाइटिस, हातखुट्टा नचल्ने, भेन्टिलेटरमा राखेर उपचार गर्नुपर्ने समस्या बढी हुने गरेको छ ।

निमोनियाबाट बच्न खोपमा ध्यान दिनु उपयुक्त हुन्छ । अन्दाजको भरमा औषधी खुवाउनु हुँदैन । बच्चाहरूको रोग बारम्बार बल्झन हुन सक्छ । यस्तो भएमा सम्बन्धित चिकित्सककोमा लगेर उपचार गर्नु राम्रो हुन्छ । साधारण रुघाखोकी भनेर हेलचेक्राइ वा जथाभावी रूपमा औषधि लिएर खाँदा समस्या हुने हुन्छ । बच्चाहरूको तौलअनुसार एन्टिबायोटिक औषधि चलाउने हुँदा सोहीअनुसार नै चिकित्सकको सल्लाह लिनुपर्ने हुन्छ । बच्चालाई स्वास्थ्य राख्न पहिलो कुरा त बच्चाको खानपान र सरसफाइमा ध्यान दिनुपऱ्यो । बच्चा बिरामी भयो भने बच्चाकै डाक्टरलाई देखाउनुपर्छ । अन्दाजको भरमा औषधि दिँदा बच्चाहरूलाई समस्या हुन सक्छ । बच्चामा हुने रोग जो कोहीले पहिचान गर्न गाह्रो हुन्छ । यदि बच्चालाई जुनसुकै रोगले आक्रमण गरिहाल्यो भने बालरोग विशेषज्ञलाई नै देखाउनु राम्रो हुन्छ । अन्दाजको भरमा औषधि सेवन नगरौं ।

*(डा. थापा बालरोग विशेषज्ञ हुन्)*

मोहम्मद सदरुल

# 'स्वच्छ बजार'को खिल्ली उडाउँदै व्यवसायी



नेपाल सरकारले अघि सारेको 'समृद्ध नेपाल, सुखी नेपाली' को उद्घोष पूरा गर्न नेपालको बजार पनि स्वच्छ र स्वस्थ हुनु जरुरी छ । बजार स्वच्छ भएमा सुशासनको आधार बलियो हुनेछ र यसबाट व्यवसायी मात्र नभएर सर्वसाधारण नागरिक पनि लाभान्वित हुनेछन् । 'स्वच्छ बजार' राम्रो हुनका लागि उत्पादकले गुणस्तरीय वस्तु तथा सेवा उत्पादन गर्नुपर्छ र विनाभेद्भाव र स्वच्छ तरिकाले उपभोक्तालाई वस्तु तथा सेवा प्रदान गर्नुपर्छ । कालोबजारी र व्यवसायीले लिने नाजायज फाइदाका विरुद्ध विकसित अवधारणा हो स्वच्छ बजार । 'स्वच्छ बजार'कै लागि सरकारले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग स्थापना गरेको हो । बजार अनुगमन, मूल्यमा उतारचढाव तथा कालाबजारी गर्नेलाई नियन्त्रण एवं कारवाही गर्ने उद्देश्यले स्थापित यो विभागले देशका सबै जिल्लामा आफ्नो संरचनासहित कर्मचारीको व्यवस्था गरेको छ ।

यति हुँदाहुँदै पनि व्यवसायीको आफ्नो मूल्यमान्यता र निष्ठा कमजोर भयो भने स्वच्छ बजारले परिकल्पना गरेका उद्देश्य हासिल गर्न सम्भव हुदैंन । यसले संस्थागत सबलतामा समेत आउँछ । संरचना तथा कार्यप्रक्रिया जति नै स्पष्ट भए पनि यसमा संलग्न जनशक्तिको प्रवृत्ति गलत भइदियो भने नतिजा निस्कन असम्भव नै हुन्छ । हाम्रा नीति नियम वा प्रवृत्ति हामीले गर्ने कामको प्रभावकारितामा पनि भर पर्दछ । विभागका मूलत: त्रिपक्षीय काम क्रमश: वाणिज्य व्यवसायको प्रशासन, आपूर्ति व्यवस्थाको गहन विश्लेषणसहितको निगरानी तथा उपभोक्ताको हकको संरक्षण र प्रचलनको विषयलाई समग्रमा स्वच्छ बजारको स्वीकार्य अवस्थाबाट चित्रण गर्न सकिन्छ । स्वच्छ बजार कायम गर्नका लागि सरोकारवालाका रुपमा उपभोक्ता एवं व्यवसायी, सेवाप्रदायक संस्थाका रुपमा विभाग एवं अन्य विषयगत विभाग वा निकाय र उपभोक्ताको हक अधिकारको पक्षबाट पैरवी गर्ने र सचेतना फैलाउने उपभोक्ता अधिकारकर्मी र सञ्चारकर्मी गरी चार वटा सरोकारवालाको संलग्नता रहने गर्दछ ।

सन् २०२० को विश्व उपभोक्ता अधिकार दिवस अन्य वर्षभ्कैं मार्च १५ (चैत २४) मा मनाइयो । अन्तर्राष्ट्रियरुपमा मनाइने यस दिवसमा नेपालको सन्दर्भमा 'उत्पादनमा गुणस्तरीयता, आपूर्तिमा सहजता, उपभोगमा विवेकशीलता' नारा तय गरिएको थियो । सबै व्यक्ति सर्वप्रथम उपभोक्ता हुन र त्यसभन्दा बढी कुनै न कुनै पेसा रोजगार वा कर्मक्षेत्रमा खटिएका हुन्छन् । खासगरी सरकारी निकायमा रहने, बजारको नियमनको जिम्मेवारी पाएका सरकारी पक्ष, स्वच्छ र प्रतिस्पर्धी हिसाबले बजार सञ्चालन गर्न तत्पर व्यवसायी र उपभोक्ताको हकको पैरवी गर्ने पक्ष गरी मूलत: तीन पक्षको सक्रियता र संवेदनशीलताको माग उपभोक्ताको हकको प्रत्याभूतिका लागि आवश्यक देखिन्छ । यसै विषयलाईमाथि उल्लेखित नाराले पनि समेट्न खोजको छ । सबै पक्षको जिम्मेवारी पूरा गर्नुपर्ने माग यस नाराले उद्घोष गरेको देखिन्छ । माहात्मा गान्धीले अघि सारेको सात सामाजिक पाप अन्तर्गत सिद्धान्तरहित राजनीति, परिश्रमरहित धनोपार्जन, विवेकरहित सुख, चरित्र शून्य ज्ञान, सदाचाररहित व्यापार, संवेदनारहित विज्ञान र वैराग्यविहीन उपासना हुन् । यसै सन्दर्भमा सदाचाररहित व्यापारलाई स्वच्छ बजार हुन नदिने मूल्य कारणको रुपमा लिन सकिन्छ । जब व्यापारमा हुनुपर्ने आधारभूत चरित्रमा धब्बा लाग्दछ तब सबै नागरिक प्रभावित हुन पुग्दछन् । पछिल्लो समयमा खुला बजारसँगै बजारमा राज्यपक्षको नियमन हुने र मूलत: जोसुकैले पनि व्यावसायिक आचारसंहिताको पालना गरी व्यापारिक क्रियाकलापमा सरिक हनुपर्ने माग बढिरहेको छ । यसरी व्यापार व्यवसायलाई स्वच्छ बनाउने काममा व्यवसायी आफै बढी जिम्मेवार हुनुपर्दछ ।

व्यवसायीमा आफ्नो कारोकार सम्बन्धमा कानूनी र प्रक्रियागत ज्ञानका साथै पारदर्शीता कसरी कायम गर्न सकिन्छ भन्ने आधारभूत ज्ञान आवश्यक पर्दछ । इमान्दारिता, मेहनतको कमाइमा रमाउने र सामाजिक उत्तरदायित्व निर्वाह गर्ने विषय पनि उनीहरूमा आवश्यक हुन्छ । व्यापारीहरू इमान्दार हुँदा अरु पक्ष पनि उत्तिकै इमानदार निष्ठावान हुन जरुरी छ । यहाँनेर उपभोक्ता हक हितका संरक्षण गर्न तथा वाणिज्य व्यवसायीलाई सहजीकरण गर्न विभागले पछिल्लो दिनमा खेलेको भूमिका सम्बन्धमा गरिएको चर्चाभन्दा बजारमा व्यापारी अत्यधिक धन आर्जन गर्ने लोभ एवं लालचमा कालोबजारी गरिरहेको गुनासो आम नागरिकको बुझाइमा देखिएको छ । आमनागरिकले बिना कारण व्यापारीलाई यो दोष लगाएका होइनन् । केही दिन अगाडि उपभोग्य मिति पाँच वर्ष अगाडि समाप्त भएको खाद्य सामग्री रहरको दाल बिक्री गरेको आरोपमा विराटनगरका एक व्यापारीलाई तीन लाख रुपैयाँ जरिवाना गरिएको छ । उद्योग वार्णिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरले गरेको अनुगमनको क्रममा निखिल जैसानी बोहोरा प्रोपाइटर रहेका जैसानी ट्रेडकन्सन विराटनगर-७ को गोदामबाट उपभोग्य समय समाप्त भएको रहरको दाल १५ केजी तौल भएको २ हजार ७ सय बोरा बरामद भएको थियो । व्यापारी बोहाराले उपभोक्ताको स्वास्थ्यमाथि गम्भीर खेलबाड गर्दै सन् २०१३ मा उत्पादन भएको उक्त रहरको दालको म्याद सकिने समय सन् २०१५ रहेकोमा बोरामा सन् २०२० मा उत्पादन भएको र म्याद सकिने मिति सन् २०२२ राखेर बजारमा बिक्री वितरण गर्ने गरेको अनुगमनको क्रममा फेला पारेको उद्योग वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयका निमित्त प्रमुख सन्तोष पोखरेलले जानकारी दिए ।

भारतबाट आयात गरिएको उक्त दाल कन्सनको गोदाममा ४० टन बरामद गरेको थियो । दालको मूल्य ४० लाखभन्दा बढी रहेको बताइएको छ । उपभोग्य म्याद सकिएको खाद्यवस्तुमा नयाँ लेबल लगाएर पुन: बिक्री वितरण गरेको भेटिएपछि कार्यालयले जरिवाना गरेको हो । बोहोराले उक्त दाल विराटनगरसहित मुलुकभरि थोकमा बिक्री वितरण गर्दै आएका छन् । बजारमासमेत म्याद सकिएको ठूलो परिमाणमा दाल पठाएको हुनसक्ने आशंकामा अनुगमनलाई तीव्रता दिने कार्यालयले जनाएको छ । व्यापारी बोहराले म्याद सकिएको मिति मेटाएर सोही स्थानमा नयाँ लेबल (स्टिकर) राखेर दाल बजार पठाउने कार्य गर्दै आएको अवस्थामा बरामद गरेको सो दाल पुन:भारत पठाएर वैधानिक बनाउने खेलमा व्यापारी लागेको सूचना प्राप्त भएको केही उपभोक्ताको भनाइ छ ।

यस्तै औषधि व्यवसायमा कालोबजारी हुन नदिन स्थापना भएको नेपाल औषधि व्यवस्था विभाग कार्यालय विराटनगरका कर्मचारी सरोज सुवेदीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीले पक्राउ गरेको थियो । आयोगको टोलीले दुई लाख रुपैयाँ घुससहित सुवेदीलाई गत फागुनमा पक्राउ गऱ्यो । निजले कारवाहीमा परेर बन्द भएको फार्मेसीको मुद्दा मिलाइदिने भनेर घुस लिएको कुरा आयोगका प्रवक्ता नारायणप्रसाद रिजालले जानकारी दिए । गत फागुनमै जिल्ला प्रहरी कार्यालय मोरङले नक्कली मोविल बनाउने एकजना कालोबजारी गर्ने व्यापारीलाई पनि पक्राउ गरेको थियो । विराटनगर महानगरपालिका-११ जनपथ टोलमा शंकरलाल खेम्कालाई पक्राउ गरेको प्रहरी प्रवक्ता नायब प्रहरी उपरीक्षक मानबहादुर राईले जानकारी दिए । अभियुक्त खम्काले २० वर्षदेखि गोदामा भाडा लिई नक्कली मोविलमा सर्वोको स्टिकर टाँसी बिक्री वितरण गरिरहेको गोप्य सूचनाको आधारमा प्रहरीले छापा मार्दा निज पक्राउ परेका थिए ।

प्रहरीले छापा मार्दा दुई सय लिटर सहितको १५ वटा ड्रम, २० मोबिल सहितको तीन ड्रम, १० लिटर मोबिल सहितका दुई वटा बाल्टिन, एक लिटर मोबिल सहितका १४ वटा बट्टा, दुई सय लिटरको खाली ड्रम २४ वटा, सर्बोको स्टिकर सय थान, सर्बो स्टिकर छाप्ने फर्मा २१ वटा, लिटरमापन गर्ने सामग्री पाँच लिटर नाप्ने थान एक, एक लिटर नाप्ने थान एक, खाली एक लिटरवाला सर्बोको स्टिकर लगाएको सय, स्टिकर लगाएको एक लिटरको खाली बोतल दुई सय थान, एसियन पेन्ट लेखिएको इनामेल पाँच सय लिटरको सात बट्टा, एक लिटर रहेको दुई थान, सिल्भरको खाली बाल्टिन दुई थान र प्लास्टिकको बाल्टिन ३३ थान बरामद गरेको थियो । प्रहरीले विशेष सूचना पाएर छापा मार्दा अभियुक्तसहित यी सामान बरामद गरी आवश्यक कारवाही एवं अनुसन्धान सुरु गरेको प्रहरी नायब उपरीक्षक राईले जानकारी दिए ।

यस्तै गएको बडादसैंको समयमा बजार मूल्यमा सन्तुलन कायम गर्न तत्कालीन मोरङका सहायक प्रमुख जिल्ला अधिकारी ध्रुवकुमार खड्काको नेतृत्वमा बजार अनुगमनमा बिक्री मूल्य र खरीद मूल्यमा निकै ठूलो अन्तर राखेर बिक्री गर्ने गरेका चार जना व्यापारीलाई जरिवानासहित कारवाही गरिएको थियो । सो समयमा जिल्लाभरमा ६५ वटा अनुगमन गरिएको थियो । विभिन्न कार्यालयका प्रमुख, प्रशासन, प्रहरी, वाणिज्य कार्यालयका प्रतिनिधि, उपभोक्ताहित संरक्षण मञ्चका प्रतिनिधि र सञ्चारकर्मी अनिवार्य रहने व्यवस्था गरिएको अनुगमन टोली पछिल्लो समयसम्म निकै उत्साहित र सक्रिय रुपमा काम गरिरहेको पाइएको छ । मोरङमा कालोबजारी हुन नदिन र खरीद मूल्य र बिक्री मूल्यमा निकै ठूलो अन्तर हुन नदिन अब प्रत्येक पालिकाले उपप्रमुखको संयोजकत्वमा अनुगमन टोली निर्माण गर्न तथा अनुगमन निरीक्षक तोक्न आवश्यक छलफल समेत गरेको थियो । नेपाली बजारमा खासगरी उपभोक्ता खाद्या सामग्री र तयारी पोसाकमा बढी मात्रामा ठगिने गरेका छन् । कुनै पनि सामानको मूल्य उपभोक्तालाई थाहा हुँदैन र यसैको लाभ लिएर व्यापारी उपभोक्तालाई आर्थिक मारमा पार्ने गरेका छन् । उद्योग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरका निमित्त प्रमुख सन्तोष पोखरेलले आफ्नो कार्यक्षेत्रमा 'स्वच्छ बजार'का निम्ति आएको गुनासो र समस्यालाई समाधान गर्न निरन्तर रुपमा बजार अनुगमनको कार्यलाई तीव्र बनाएको जानकारी दिँदै उभोक्तालाई ठग्ने जोकोही व्यापारीलाई कानुन बमोजिम कारवाही गरिरहेको जानकारी दिए ।

उपभोक्ता अधिकारको क्षेत्रमा कार्यरत संस्था पब्लिक फोरम मोरङका अध्यक्ष उत्तम ढुङ्गेलले 'स्वच्छ बजार' का निम्ति व्यापारी इमान्दार हुनुपर्ने, उपभोक्ता सचेतना हुनुपर्ने र नियामक कार्यालयको गतिविधिमा कमी आउन नहुने बताए । उनले उपभोक्ता जागरणसम्बन्धी शिक्षा र चेतनामूलक कार्यक्रम सञ्चालन गर्न सकिएमा 'स्वच्छ बजार'मा देखिएका समस्या धरै कमहुने बताए । उपभोक्ताको स्वास्थ्यलाई ध्यान नदिने र स्वच्छ बजारका निम्ति सरकारले तयार पारेको निर्देशिका, नियम एवं कानुनलाई लत्याउने कालोबजारीलाई जरिवाना र दण्ड दिनुपर्ने भन्दै उपभोक्ता एवं सर्वसाधारणले आवाज उठाउन थालेका छन् ।

कमल खत्री

# पर्यटनको उदाहरण 'खोपारा-खयर भारानी'

एकै ठाउँमा गुजमुज्ज मिलेको पाउद्वार गाउँ, गाउँको शिरमा छ जंगल र पहाड । जहाँ अन्नपूर्ण गाउँपालिका-५ वडामा पर्ने पाउद्वार गाउँका बाक्लै गोठ थिए । तल्लो भागमा गाईगोठ, खोपारा (खोप्रा) डाँडासम्म भैँसीगोठ र त्यहाँदेखि माथि भेडाबाख्राका गोठ बस्थे, तर अहिले समय फेरिएको छ । केही दशक अघिसम्म गोठ बस्ने पाखा र डाँडामा यतिबेला पर्यटक बस्न थालेका छन् । चौफेरै हिमाल देख्न सकिने खोपारा पछिल्लो समय उत्कृष्ट र आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास भइसकेको छ ।

पउद्वारदेखि खोपारा हुँदै साउथ अन्नपूर्ण हिमालको फेदीमा रहेको खयर भारानी तालसम्मको क्षेत्रलाई समेटेर समुदायकै अगुवाइमा उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा विकास गरिएको हो । अन्नपूर्ण र धौलागिरि हिमशृङ्खलाका हिमालहरू, गुराँसे जंगल, हिमालको काखमा रहेको खयर तालको अवलोकनका लागि पाउद्वार-खोपारा- खयर भारानी रुट तयार गरिएको हो । बेलायती सेनाका सेवानिवृत्त लेफ्टिनेन्ट राजु पुनको अगुवाइमा देश विदेशमा रहेका स्थानीय र सहयोगदातामार्फत एक करोड ६० लाख रकम संकलन गरी यो क्षेत्रमा भारानी थान, पदमार्ग, चौतारा, आवास, शौचालयलगायत पर्यटन पूर्वाधार निर्माण गरिएको हो ।

'यो सबै हाम्रा बाजे, पुर्खाहरूको गोठ आउने थलो हो, सानो छँदा हामी पनि गाई, भैंसी र भेडा लिएर यहाँ आउँथ्यौं' अहिले माथिल्लो भेगमा भेडा र चौंरीगोठ छन्, ती पनि अब पर्यटकका आकर्षण भएका छन्, यस क्षेत्रको पर्यटन अभियन्ता पुनले खोपारा डाँडाको वर्णन गरे । अहिले भने उनी भनेजस्तै खोपारा र खयर क्षेत्र किसान गोठालो जाने लेकमा सीमित छैन । यहाँको परिचय नै फेरिएको छ । अग्लो डाँडाबाट आँखै अगाडि हिमाल देख्न सकिने जैविक विविधतायुक्त यो क्षेत्र उत्कृष्ट पर्यटकीय गन्तव्यमा परिणत भएको छ ।

'२०२१ सालमा म पनि भैँसीगोठमा बसेको हुँ, त्यतिबेला ८०-९० वटा गोठ हुन्थे, अग्लो डाँडामा गोठमा बस्दा निकै रमाइलो लाग्थ्यो, दु:ख पनि हुन्थ्यो, पछि लामो समय प्रवासमा बसेँ, यहाँको हरेक डाँडाकाँडामा गोठाला मात्रै होइन, पर्यटक पनि उकाल्न सकिन्छ भन्ने लाग्यो र पर्यटन पूर्वाधार बनाउन कस्सिएका हौं,' पुनले भने । 'पहाडकी रानी' जस्तै सुन्दर ठाउँ खोपारा-खयरभारानी क्षेत्रको पर्यटन विकासको लक्ष्य लिएर २०६९ सालदेखि पुनले पूर्वाधार निर्माणको अगुवाई गरेका थिए । यो एक दशकमा समुदायकै सक्रियतामा नमुना पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने गरी पूर्वाधार निर्माणले सार्थकता पाएको छ ।

पहिलो वर्षको असार सम्ममा ३२ लाख सहयोग जुटेपछि खयरभारानी थान तथा क्षेत्र संरक्षण कोष स्थापना गरी सहयोग संकलन र पूर्वाधार निर्माण कार्यसँगसँगै अघि बढेको कोषका संयोजकसमेत रहेका अभियन्ता पुनले बताए । कोषमा स्वदेश तथा विदेशमा रहेका पाउद्वारवासी, छिमेकी गाउँका प्रवासीले उल्लेख्य रूपमा



सहयोग गरेका छन् । दश वर्षको अवधिमा पाउद्वारादेखि खोपारा हुँदै खयर पुग्ने जंगल, भिर र अप्ठ्यारो ठाउँमा ढुङ्गाको सिँढी बनाएर पदमार्ग बनाइएको कोषका अध्यक्ष भीमबहादुर तिलिजा पुनले बताए ।

'पहिले सामान्य ओहोरदोहोर गर्ने डोरो थियो, पानी पर्दा चिप्लिएर लड्ने समस्या थियो, अहिले हिँड्नका लागि कुनै अप्ठ्यारो ठाउँ छैन, पदमार्गको ठाउँठाउँमा विश्राम लिने चौतारा बनाएका छौं,' उनले भने । पाउद्वारका स्थानीयले दिवंगत आफन्तको स्मृति र परिवारको हर्षबढाइँ र सफल कार्यको उपलक्ष्यमा 'सम्भना र कामना'को धार्मिक भावले पदमार्ग बनाउने अभियानमा सहकार्य गरेका छन् ।

पदमार्गअन्तर्गत पर्यटकलाई खान र बस्नका लागि खोपारामा लज र होटेल सञ्चालनमा छन् । खोपाराबाट अर्को दिनको बास बस्न खयरखोलामा होटेल सुविधा नभएकाले कोषमार्फत नै पाहुना बस्ने अस्थायी प्लास्टिक घर, शौचालय, आश्रयस्थल र खयर ताल परिसरमा आश्रयस्थल बनाएको पुनले बताए । खयर तालमा पूजा गरेमा मनोकांक्षा पूरा हुने जनविश्वासले जनैपूर्णिमाको अवसरमा विशेष पूजा हुँदै आएको छ । अन्य समयमा समेत यहाँ आन्तरिक पर्यटकहरू जान थालेका छन् ।

'आश्रयस्थल नहुँदा भेडीगोठमा बास बस्नुपर्थ्यो, ठूलो संख्यामा मानिस आउँदा त गोठको क्षमताले नभ्याउने भएकाले बाहिर नै उभिएर बस्नुपर्थ्यो, अहिले त्यो समस्या हटेको छ,' कोषका अध्यक्ष पुनले भने । पदमार्गअन्तर्गत खोपारा र खयरखोलामा खानेपानीको समेत बन्दोबस्त मिलाइएको छ । स्थानीयवासीले थालेको पर्यटन पूर्वाधार निर्माण अभियानअन्तर्गत अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) र गाउँपालिकाले समेत सघाएका छन् । गाउँपालिकाले दुई चरणमा गरी विनियोजन गरेको १३ लाख बजेटबाट पदमार्ग निर्माण गरिएको कोषका अध्यक्ष पुनले बताए । यस वर्ष पर्यटन बोर्डबाट २० लाख बजेट विनियोजन भएकाले उक्त बजेटलाई खोपारामा पर्यटक आवासगृह बनाउने कार्यमा परिचालन गरिने तयारी गरिएको कोषले जनाएको छ ।

साउथ अन्नपूर्ण हिमालको फेदीमा अवस्थित खयर भारानी तालमा स्थानीयवासीले पहिलेदेखि नै पूजाआजा गर्दै आएका थिए । समुद्री सतहदेखि चार हजार ६३० मिटर उचाइमा वरिपरि हिम पहाडले घेरिएको खयर भारानी ताल परिसरमा २०४८ साथमा भेडीगोठालाहरूले ढुङ्गाको ढोका भएको थान निर्माण गरेका थिए । भेडागोठालाहरूले नै पुजारी भएर जनैपूर्णिमामा तीर्थयात्रीको भाकल पूजासमेत गराउँदै आइएको थियो । २०६९ असार ७ गते जग राखेको थान निर्माण कार्य सकेर सोही वर्षको जनैपूर्णिमादेखि नै थानमा पूजा गर्न शुरु गरिएको थियो । ताल परिसरको यस थानमा हरेक वर्षको जनैपूर्णिमा पर्वको अवसरमा आफ्नो मनोकांक्षा पूरा गराउनको लागि भाकल गर्नेहरूको भीड नै लाग्ने गर्छ ।

'राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्षसमेत रहेका सामाजिक अभियन्ता महावीर पुनको परिकल्पनाअनुसार सञ्चालन भएको अन्नपूर्ण-धौलागिरि सामुदायिक पदमार्गले समेटिएको खोपारा-खयरभारानी क्षेत्र प्राकृतिक सौन्दर्यता र धार्मिक महत्वका हिसाबले सम्भावनायुक्त क्षेत्र हो । म्याग्दी सदरमुकाम बेनीदेखि छोटो दूरीमा पर्ने, जैविक विविधतायुक्त र वरिपरिका हिमालको फन्को एकै ठाउँबाट मार्न सकिने भएपछि पछिल्लो समय खोपारामा आन्तरिक पर्यटकहरूको आकर्षणको केन्द्र बन्न थालेको छ । तीन हजार ६६० मिटरको उचाइमा रहेको खोपारा लेकबाट अन्नपूर्ण, धौलागिरि, माछापुच्छ्रे, मनास्लु हिम शृङ्खलाका दर्जनौं हिमाललाई नजीकबाट नियाँल्न सकिन्छ । खोपारादेखि खयरसम्मको हरियाली पाखा, रङ्गीचङ्गी फुल, चरन क्षेत्रमा रहेका भेडा र चौरीले पर्यटकहरूलार्य लोभ्याउने गरेको छ । अझ छिन-छिनमा बादलको घुम्टोबाट खुल्दै गरेका हिमालको मनमोहक दृश्य र एकान्त ठाउँमा चराचुरुङ्गी, जङ्गली जनावरलगायतको रमणीय दृश्यको अवलोकन गर्दा पर्यटकहरू दिन गएको पत्तो नै पाउँदैनन् । पाउद्वारबाट पदयात्रा गर्ने पर्यटकहरूले खोपारामा बास बस्ने गर्छन् । त्यहाँबाट खयरखोलामा अर्को दिनको बास बस्न सकिन्छ । त्यहाँबाट खयर भारानी हुँदै दूधकुण्डसम्म पुगेर पुन: सोही ठाउँमा आएर बास बस्न सकिन्छ । अर्को दिन काली भारानी र गोर्से भारानी ताल पुगेर फर्कने गरी पाउद्वारदेखि खयर क्षेत्रसम्मलाई समेटेर पाँच दिनको पदयात्रा गर्न सकिने गरी यस पदमार्गको नक्साङ्कनको तयारी गरिएको अभियन्ता पुनले बताए ।

# खड्काको ‘छड्के सलाम’




■ बाबुराम सिग्देल

काठमाडौं । लोकदोहोरी गायक दिपक खड्काको नयाँ गीत ‘छड्के सलाम’ को भिडियो सार्वजनिक भएको छ। गीतमा भिम विष्ट र गायक खडकाकै शब्द रहेको छ । गायक खड्काले नै संगीत भरेको उक्त गीतमा श्यामस्वेत रसाइलीले संगीत संयोजन गरेका छन् ।

गीतमा गायक खड्का, भिम विष्ट, गायिका प्रिती आले र सरु गौतमले आवाज दिएका छन् । इनाक्षी इन्टरटेनमेन्टको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको भिडियोको निर्देशन काजीश श्रेष्ठले गरेका छन् । अर्जुन तिवारीले छायांकन गरेको भिडियोको सम्पादन दिपक विष्टको रहेको छ । भिडियोमा अभिनेता पल शाह, सुधीर श्रेष्ठ, अभिनेत्री अञ्जली अधिकारी, अंशु न्यौपाने र गीतका गायक गायिका दिपक, भिम, प्रिती र सरुको अभिनय छ ।

गायक खड्काले नेपाली गीत संगीतको मौलिकतालाई ध्यान दिँदै दर्शकस्रोतालाई मनोरञ्जन दिने उद्देश्यका साथ गीत र भिडियो ल्याएको बताए । उनले भिडियो चितवनको नारायणगढ र गैंडाकोटबीच नारायणी नदीको छायांकन गरिएको जानकारी दिए । नवलपुरकै गैंडाकोटमा जन्मिएका गायक खड्का सानैदेखि गीत संगीतमा रुचि राख्थे । गाउँघरमा प्रत्यक्ष दोहोरी कार्यक्रममा सहभागी भएर विभिन्न पुरस्कारसमेत जितेका छन् । गीत संगीतको मोहले तानेपछि रहर पूरा गर्नका लागि प्रत्यक्ष दोहोरीमा हिँडे पनि क्रियाशील बन्दै गएपछि राम्रो स्थानमै पुग्न सकिने अनुभव बटुलेको गायक खड्काले सुनाए । दुई दशकदेखि यस क्षेत्रमा लागेका गायक खड्काले अहिलेसम्म करिब एक दर्जनको हाराहारीमा एल्बम ल्याइसकेको जानकारी दिए । उनले ‘मन पर्नै एउटी साली छ’ बोलको गीतमा पनि शब्द सिर्जना आफ्नै रहेको बताए । उनले अहिलेको तुलनामा पहिले प्रत्यक्ष दोहोरी प्रतियोगिता कमै हुने गरेको तर, पछिल्लो समय कलाकारको संख्या बढ्नु र प्रतियोगिता पनि अधिक हुँदै जानु सकारात्मक रहेको प्रतिक्रिया दिए । उनले भने, ‘आधुनिक तथा प्राविधिकको विकासले पनि त्यस्ता कार्यक्रम प्रशस्त मात्रामा देख्न पाइन्छ ।’ गायक खड्काले २०६१ सालमा भएको प्रत्यक्ष दोहोरी प्रतियोगिता, जुन नेपालकै पहिलो, सबैभन्दा ठूलो, धेरै प्रतियोगी समूहसँग भिडेर प्रथम पुरस्कार जितेको बताए ।

उनले भने, ‘अहिले भने प्रत्यक्ष दोहोरी गाउने कलाकार भाइबहिनी थुप्रै जन्मिनुभएको छ, दोहोरी प्रतियोगिता पनि धेरै नै हुने गर्दछ, तर त्यो समय खासै कार्यक्रम पनि नहुने र कलाकारको संख्या पनि निकै कमै हुन्थ्यो ।’ गायक खड्काले आफूलाई नेपाली बजार र दर्शकमाझ चिनाउन सफल ‘फेरि के-के हुनी हो’ दशैं गीत र ‘मत बेशी झरेको, नक्कलीले गर्दा नक्कले हुन परेको’ बोलको गीत रहेको जानकारी दिए । उनी हाल राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका केन्द्रीय सचिवसमेत हुन् । नेपाली गीत संगीतको पहिचान जोगाउँदै मौलिक लोकसंस्कृतिको जगेर्ना गर्नेतर्फ कलाकारदेखि आमनेपाली दर्शकस्रोताको पनि पहल हुनुपर्ने उनको भनाइ छ । गायक खड्काले बजारमा आएका राम्रा गीतलाई दर्शकस्रोताले हेरिदिने र नराम्रा गीतलाई बहिष्कार गरिदिए फैलिँदै गएको विकृति र विसंगति नियन्त्रणमा आउन सहयोग पुग्ने जिकिर गरे ।


कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
**कृषि विकास निर्देशनालय**
वीरेन्द्रनगर सुर्खेत, नेपाल

**वर्षे फलफूल बिरुवाहरूको आपूर्तिकर्ता तथा नर्सरी धनीहरुलाई सूचिकृत हुनेबारे सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७।१२।२०

प्रस्तुत सम्बन्धमा यस निर्देशनालयको आ.व. २०७७।०७८ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार फलफूल बिरुवा वर्षे (आँप, लिचि, अनार, ड्रागनफ्रुट, एभोकाडो, पिकानट, सुन्तला, कागती, सुन कागती, जुनार, मौषम, अम्बा, भुईंकटहर, रुख कटहर, केरा, हलुवाबेद अन्य) फलफूल बिरुवा वितरण कार्यक्रम रहेको हुँदा ईच्छुक आधिकारीक रुपमा दर्ता भएका फलफूल बिरुवा आपूर्तिकर्ता तथा नर्सरी धनीहरुले उल्लेखित बिरुवाहरुको जात, सरदर मूल्य रकम, बिरुवाको गुणस्तर, रोग किरा मुक्त, २ वर्षको बिरुवा, उपलब्ध गराउन सकिने बिरुवाको संख्यासहितको विवरण उल्लेख गरी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कृषि विकास निर्देशनालय सुर्खेतमा भूमि व्यवस्था कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन एकिकृत कार्यविधि २०७७ को दफा १० को उपदफा (६) र सार्वजनिक खरिद ऐन २०६४ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ अनुसार सूचिकृत हुनका लागि यो सूचना प्रकाशन गरिएको छ साथै फरमेट र अन्य विस्तृत जानकारी यस निर्देशनालयको website : doad.karnali.gov.np बाट लिन सकिने छ ।



**Saudi Arabia मा रोजगार** **Sinohydro Corporation Limited**

पूर्व स्वीकृती मितिः २०७७/१२/१९ चलानी नं. ६०१५६५३१ LT.No. 238289

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Worker | 33 | साधारण | 1000 | 30,738/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु. १०,०००/- कामदार आफैले |

**अन्तरवार्ता २०७७ चैत्र २७ र २९ गते (Apr. 9 & 11 2021) यस प्रा. लि. को कार्यालय गौशला, काठमाडौंमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**Jasmine International Pvt. Ltd.** Govt. Lic. No. 544/061/062
Gaushala-9, Prayag Marga,Tel.: 01-4110420, 4110421


# षडानन्दलाई काजीरोशन पुरस्कार

■ सौर्य समाचार

बागलुङ । डा. षडानन्द पौडेललाई धौलागिरि साहित्य प्रतिष्ठानले यस वर्षको ‘काजी रोशन साहित्य पुरस्कार’ प्रदान गरेको छ । ‘काजी रोशनको काव्य साधना’ नामक अनुसन्धनात्मक कृति लेखेका पौडेललाई १५ हजार राशिको सो पुरस्कार प्रदान गरिएको हो ।

पौडेलले काजी रोशनको काव्य साधना अनुसन्धानपछि पुस्तक आकारमा समेत प्रकाशित गरेका छन् । विगत १९ वर्ष धौलागिरि बहुमुखी क्याम्पसमा नेपाली साहित्य विषयमा प्राध्यापन गरेका उनी पाँच वर्षदेखि काठमाडौंको सरस्वती बहुमुखी क्याम्पसमा प्राध्यापनरत् छन् ।

पुरस्कार भानु जयन्तीको अवसरमा प्रदान गर्नुपर्ने भए पनि कोरोना संक्रमणका कारण स्थगित भएको ‘बम सरस्वती स्मृति पुरस्कार’ काभ्रेको पनौतीका सूर्यप्रसाद लाकोजूलाई दिइएको छ । साहित्य क्षेत्रमा योगदान दिएको भन्दै लाकोजूलाई पुरस्कृत गरिएको पुरस्कार छनोट समितिका सदस्य हरिप्रसाद पाण्डेयले बताए । कार्यक्रममै बागलुङको गलकोट घर भई चितवनमा बस्दै आएकी राधिका कल्पितद्वारा लिखित ‘बरफका कोइलाहरू’ कविता संग्रह विमोचन गरियो । सो कृतिको धौलागिरि बहुमुखी क्याम्पसका प्रमुख रामप्रसाद उपाध्यायले सार्वजनिक गरे ।



सो अवसरमा अधिकांश वक्ताले काजी रोशनले नेपाली भाषा र साहित्यको विकासमा योगदान गरेको र नयाँ पुस्तालाई अगाडि बढ्न प्रेरणा दिने गरेकोसमेत बताए । कार्यक्रममा साहित्यकार काजी रोशनले भद्रकुमारी घले कृतित्व पुरस्कारबाट प्राप्त ५० हजार प्रतिष्ठानको कोषमा जम्मा गरेका थिए ।

# राष्ट्रव्यापी संगीत प्रतियोगिता

■ सौर्य समाचार

काठमाडौं । रेडियो नेपाल स्थापनाको ७१औं वार्षिकोत्सवका अवसरमा राष्ट्रव्यापी खुला आधुनिक संगीत प्रतियोगिता सुरु भएको छ । प्रतियोगिताको शुभारम्भ गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं रेडियो प्रसार सेवा विकास समितिका अध्यक्ष हरिप्रसाद बस्यालले नेपालको कला र संस्कृतिको जगेर्ना गर्न रेडियो नेपालले पुऱ्याउँदै आएको योगदान स्मरणीय रहेको उल्लेख गरे ।

उनले रेडियो नेपालले विभिन्न भाषालाई समेट्दै राष्ट्रिय एकताको श्रीवृद्धिमा समाचार, गीत, संगीत एवं मनोरञ्जनका माध्यमबाट टेवा पुऱ्याउँदै आएको बताए ।

संस्थाका कार्यकारी निर्देशक बुद्धिबहादुर केसीले रेडियो नेपालले २०२२ सालदेखि यस्ता प्रतियोगिताका माध्यमबाट स्रोताका रुचि र माग अनुसारका गीत संगीत प्रस्तुत गर्दै आएको बताए । प्रतियोगितामा ३१ वटा गीत संगीत प्रस्तुत गरिनेछ । रेडियो नेपालको वार्षिकोत्सव यही चैत २० गते हुँदैछ ।


**काठ वोलपत्रद्धारा लिलाम विक्रिको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७।१२।२०

श्री अकला देवी सा.व.उ.स.गैंडाकोट न.पा.- १८, नवलपरासी (व.सु.पूर्व) को वनवाट आ.व. २०७५।०७६मा उत्पादन भएको साल चिरान काठ ५८.९२ क्यु फिट र आ.व. २०७६।०७७ उत्पादन भएको साल चिरान काठ ३००.६० क्यु फिट काठ जे जस्तो अबस्थामा छ सोहि अबस्थामा आफनै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक ब्यक्ति संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र खरिद गरि २२ औं दिनमा दिनको १२ बजे सम्ममा दाखिल गर्न आह्वान गरिन्छ । पुर्ण ब्यहोराको सूचना यस सा.ब.उ. समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री अकला देवी सा.व.उ.स.गैंडाकोट न.पा.- १८,नवलपरासी (व.सु.पूर्व)**



**कतारमा रोजगार** | कम्पनी : **REGENCY GROUP HOLDING** शहर: **DOHA**

पुर्व स्वीकृत मितिः २०७७/१२/१९ चलानी नं.: ६०१५६५३४ LT. No.: 238366

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 14 | 0 | स. काममा दक्ष | 1000 | ३२,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत २७ गते (9 April 2021) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लाईफ लाईन ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंवु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
*Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com*



**अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म/कम्पनीले चाईनाबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्रि मुल्य निम्न बमोजिम भएको व्योहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको/मुलुक राष्ट्र | ईकाइ | अधिकतम खुद्र बिक्री मूल्य (MRP) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COOKER HOOD/ CHIMNEY. | 950X630X525MM | Fujix | HHC-14 | 20 kg | China | PCS | 16,137.00 | |
| 2 | COOKER HOOD/ CHIMNEY. | 950X630X525MM | Fujix | HHC-64 | 20 kg | China | PCS | 16,227.00 | |
| 3 | COOKER HOOD/ CHIMNEY. | 950X630X525MM | Fujix | HHC-76 | 20 kg | China | PCS | 16,690.00 | |

**बिक्रेताको नाम : भव उप्रेती इन्टरनेशनल** ठेगाना : काठमाडौ स्थायी लेखा नं. : ५०००६९१४५ फोन नं. ०१-५७१३३१२



**KUMMAYAK RURAL MUNICIPALITY**
**OFFICE OF RURAL MUNICIPAL EXECUTIVE**
**Yashok, Panchthar,**
**Province no. 1, Nepal**

## Invitation for E-Bids

**Date of Publication: 2077/12/20 (02/04/2021)**

1. Kummayak Rural Municipality, Office of Rural Municipal Executive, Yashok Panchthar Invites electronic Bids only from the eligible bidders for the following contract works under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number | Description and location of works | Estimate amount without VAT (NRs.) | Bid Security Amount (NRs.) | Specific Experience | Cost of bidding Documents (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | KRM/NCB/ WORK/ 2077/078-6 | Construction of Retaining Wall for Health Post Building, Kummayak RM-1 | 82,98,420.02 | 2,40,000.00 | Ongoing or Completed PCC (1:1.5:3) for RCC Works | 3000.00 |

2. Eligible bidders may obtain further Information and Inspect the bidding documents from the PPMO website www.bolpatra.gov.np/egp or may visit the office of Kummayak Rural Municipality, Office of Municipal Executive, Yashok, Panchthar, during the office time.
3. Pre-bid meeting shall be held at office of Kummayak RM, Yashok, Panchthar on 2078/01/05 at 16.00 hours.
4. Bidding Document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp.

Information to deposit the cost of Bidding Documents:

| Name of bank | Name of office | Account Name | Office code number | Account number |
|---|---|---|---|---|
| Mega Bank Nepal ltd. Kummayak Branch | Kummayak Rural Municipality | Kummayak GA.PA Antarik Rajaswa Khata | 8010102503 | 0960010373474 |

5. Interested Eligible bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp on or before 12:00 hrs. of 2078/01/19, Bids received after this deadline will be rejected. Bidders are requested to follow the electronic bids submission procedure as specified in e-GP system operating guideline-2073 and user manuals issued by PPMO which are available in e-GP system. Bids shall be opened in the presence of bidder representatives who choose to attend on 2078/01/19, 13:00 hrs. at the Office of Kummayak Rural Municipality, Yashok, Panchthar. Bids must be valid for a period of 90 days counting form the day of Bid Opening and must be accompanied by the bid security which shall be valid for minimum 30 days beyond the Bid Validity period. The scanned copy of Bid security should be uploaded in the e-GP system during the bid submission.

Information to deposit the bid security amount

| Name of bank | Office code Number | Account Name | Deposit A/C number |
|---|---|---|---|
| Mega Bank Nepal Ltd Kummayak Branch. | 8010102503 | Kummayak GA.PA Dharauti Khata | 0960010021014 |

6. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working date at the same time and venue.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason.

**Chief Administrative Officer**




*साताको अन्तिम दिन ७ अर्ब रुपैयाको सेयर कारोबार भएको छ। २ सय १८ कम्पनीको सेयर किनवेच हुँदा ७ अर्ब १८ करोड रुपैयाँको किनबेच भएको हो। जुन अघिल्लो दिनको तुलनामा एक अर्ब रुपैयाँ बढी हो*

*कोरोना महामारी र लकडाउन पछि नेपालमा पर्यटन गतिविधि सहज हुन थालेको छ। कोरोना महामारीका कारण नेपाल सरकारले गरेको लकडाउनपछि मार्च महिनामा मात्रै १४ हजार ९ सय ७७ विदेशी नागरिक नेपाल भित्रिएका छन्*



# निगमको ७५ प्रतिशत उडान रद्द

**सौर्य समाचार**

काठमाडौं। नेपाल वायुसेवा निगमको ७५ प्रतिशत अन्तर्राष्ट्रिय उडान शुक्रबारदेखि रद्द हुने भएको छ। दुबईबाट आएको न्यारोबडी (अल्फा किलो व्हिस्की-एकेडब्लू) जहाजको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइसकेपछि चेक जाँच गर्दा नोज व्हिलमा हाइड्रोलिक लिकेज देखिएपछि उक्त बिमान ग्राउन्डेड गरिएको छ। ग्राउन्डेड विमानको मर्मतको लागि आवश्यक पाटपुर्जा बाहिरबाट ल्याउनुपर्ने भएको हुँदा केही समय लाग्छ। जस्को कारण उडान भर्न नसकदा करोडौं रुपैयाँ घाटा बेहार्नुपर्ने अवस्था आएको हो।

निगम स्रोतका अनुसार इन्जिनियरिङ विभागले आगमी मंगलबार सम्म उक्त एकेडब्लू ग्राउन्डेड हुने जानकारी दिइसकेको छ। अर्को न्यारो बडी (अल्फा किलो एक्सरे-एकेएक्स) नियमित मर्मत सम्भार (सी चेक) का लागि शुक्रबार बिहान सिंगापुर लगिने भएको छ। यसको मर्मतका लागि करिब दुई साता लाग्ने आकलन गरिएको छ। एउटा पार्टपूर्जा नपाएर ग्राउन्डेड भएको र अर्को मर्मतका लागि सिंगापुर जाने भएपछि नियमका दुईवटै न्यारोबडीले उडान भर्न नपाउने अवस्थाको कारण ७५ प्रतिशत उडान स्थगित हुने भएको हो।

त्यसैगरी गत महिनादेखि हार्डल्याण्डिङका कारण ग्राउन्डेड वाइडबडी (अल्फा लिमा जुलु-एएलजेड) को अझै मर्मत भएको छैन। मर्मतका लागि निगमले




प्रक्रिया थालेको छ। अब बाँकी रहेको एकमात्र सद्दे वाइडबडी (अल्फा लिमा यांगी - एएलवाई) ले २५ प्रतिशतभन्दा बढी अन्तर्राष्ट्रिय उडान भर्न सक्ने देखिदैन।

निगमले नयाँ दिल्ली र दुबईमा नियमित उडान गर्दै आएको छ। हाल सञ्चालनमा रहेका मलेसिया, हङकङ, जापान र दोहाको उडान शुक्रबार देखी प्रभावित हुने भएको छ। मलेसियामा निगमले साताको तीनपटक, हङकङमा एकपटक र जापानमा साताको दुईपटक उडान भर्दै आएको छ। नियमित उडान तालिकमा निगमको टिकट काटिसकेका यात्रुका लागि अन्य उडानको बन्दोबस्ती गर्नपर्ने अन्तर ाष्ट्रिय नियम रहेको छ।

अहिले दिल्ली र दुबईमा आउजाउमै ९० प्रतिशत क्षमता उपयोग रहेको छ। दोहामा पनि यस्तो अक्कुपेन्सी ७२ देखि ८० प्रतिशत रहेको छ। जापानमा त्यहाँको नागरिक उड्डयन प्राधिकरणले कोरोनाका कारण क्वारेन्टानइमा बस्नुपर्ने नियम लागू गरेकाले उताबाट आउनेमा ७० देखि ८० प्रतिशत अक्कुपेन्सी रहेको निगमले जनाएको छ।

दिल्ली र दुबईमा क्वारेन्टाइनमा बस्नु नपर्ने भएकाले आउने र जाने दुबै उडानमा निगमलाई प्रशस्त आम्दानी हुँदै आएको थियो। सिंगापुरमा सी चेकका लागि निगमले अग्रिम बुकिङ गरिसकेको छ। त्यस अनुसारका सबै प्राविधिक इन्जिनियर, ह्यागर आदिको बन्दोबस्ती भइसकेकाले रद्द गर्न नमिल्ने स्थिति रहेको स्रोतले बताएको छ। निगमका प्रबन्ध निर्देशक डिमप्रकाश पौडेलले जहाजमा प्राविधिक गडबडी आउनु सामान्य रहेको र चारवटा जहाजले १२ वटा उडान सेक्टर धान्नुपर्ने भएकाले केही समस्या उत्पन्न भएको बताएका छन।

**विमानस्थलमा उडान सामान्य**

मौसमको खरावीको कारण विगत छ दिनदेखि प्रभावित भएको उडान सामान्य बनेको छ। मौसम खराबीले भिजिबिलिटी कम हुँदा आन्तरिक तथा अन्तरराष्ट्रिय दुवै उडान प्रभावित भएकोमा नियमित रुपमै उडान सञ्चालन भएको विमानस्थलले बताएको छ। वायुमण्डलमा देखिएको धुलो र धुवाँका साथै नेपाल तथा भारतका केही स्थानमा लागेको डढेलोको धुवाँले मौसम बिग्रिएको थियो।

विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले प्रतिकूल मौसमका कारण प्रभावित बनेको अन्तरराष्ट्रिय विमानस्थलको उडान नियमित भइरहेको जानकारी बताएका छन।

बुधबार अपरान्हपछि काठमाडौं उपत्यकासहित देशभरको मौसममा सामान्य सुधार आएपछि उडान केही सहज भएको बिमानस्थलले बताएको छ।

अन्तरराष्ट्रिय विमानस्थल सहित देशका अन्य स्थानमा पनि उडान प्रभावित बनेको थियो। विमानस्थलका अनुसार विगत छ दिनको अवधिमा अन्तरराष्ट्रिय विमानस्थलको आन्तरिकतर्फ करीब ४० प्रतिशत उडान रद्द भएका छन्।

पश्चिमी वायु सक्रिय भएपछि काठमाडौं सहित मुलुकका विभिन्न स्थानमा वर्षा भएको छ। हाल देशमा स्थानीय वायुसँगै पश्चिमी वायुको समेत आंशिक प्रभाव रहेको छ। देशको पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदलिको अवस्था रहेको छ भने बाँकी भू-भागमा बदली नरहे तापनि तुवाँलो देखिएको छ। काठमाडौँको आकासमा पनि सामान्य तुवाँलो देखिन्छ। बिहीबार देशका पहाडी भेगमा बदली हुनका साथै वाग्मती र गण्डकी प्रदेशका पहाडी भेगमा मेघगर्जन, चट्टयाङग सहित हल्का वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

### बजेट छलफलमा अर्थमन्त्रालय

# कार्यान्वयन गर्न सक्ने कार्यक्रम प्रस्ताव गर्न आग्रह

**सौर्य समाचार**

काठमाडौं। अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी वर्षको बजेटका लागि कार्यान्वयन गर्न सक्ने कार्यक्रमहरु मात्र प्रस्ताव गर्न मन्त्रालयहरुलाई भनेका छन्। संस्कृति पर्यटन तथा नागरिक उडयन मन्त्रालयसँगको छलफलमा अर्थमन्त्री पौडेलले कार्यान्वयन गर्न सक्ने कार्यक्रम र सोही अनुसार बजेट प्रस्ताव गर्न अनुरोध गरेका हुन। खर्च हुन नसक्ने भएकाले सरेन्डर गर्नु पर्ने अवस्था पनि रहेको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले बहुवर्षिय योजनाहरुमा पनि जति खर्च गर्ने हो, त्यही अनुसार बजेट राख्न भनेका हुन।

सिलिङभित्र रहेर बजेट निर्माण गर्नु पर्ने सीमा रहेको बताउँदै उनले बजेट कार्यान्वयन गर्न सक्ने संयन्त्रलाई पनि ध्यान दिन जरुरी रहेको बताए। प्राथमिकताका आधारमा कार्यक्रम प्रस्ताव गर्न आग्रह गर्दै अर्थमन्त्री पौडेलले अन्तर मन्त्रालयबीच समन्वयको आवश्यकता औल्याए।

उनले कोभिड-१९ ले पर्यटन क्षेत्रमा पारेको प्रभावलाई बजेट र नीतिमार्फत सम्बोधन गर्ने उल्लेख गरे। संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री भानुभक्त ढकालले कोभिड-१९ बाट पर्यटन क्षेत्र नराम्रोसँग प्रभावित भएकाले त्यसलाई विशेष ध्यान दिन आग्रह गरे। आर्थिक सल्लाहकार डा. प्रकाशकुमार श्रेष्ठले साना कार्यक्रम भन्दा संघीयताको मर्म र भावना अनुसार ठूला र विशेष कार्यक्रममा जोड दिनु पर्ने बताए। अर्थ मन्त्रालयले आर्थिक वर्ष २०७८/७९ को बजेटमा समावेश गर्नु पर्ने कार्यक्रम तथा बजेटबारे मन्त्रालय र सरोकारवालासँग छलफल गर्नुका साथै सुझाव पनि संकलन गरेको छ।

# किसान स्टल संचालनमा

**सौर्य समाचार**

काठमाडौं। कालीमाटी फलफूल तथा तरकारी बजारमा किसान स्टल संचालनमा आएको छ। बिचौलिया नियन्त्रणको लागि किसान स्टल सुरु गरिएको हो। स्टलमा पहिलो दिनमै ५ जना किसानले स्टलमा तरकारी राखी बिक्री गरेका बजारका सुचना अधिकृत विनय श्रेष्ठले बताए। स्टलको लागि पहिलेदेखिनै माग रहकोमा पहिलो दिनमै पाँच किसानले स्टल प्रयोग गरी आफुले ल्याएको तरकारी बजार मुल्य अनुसार बिक्री गरेका थिए। किसान स्टलमा देशको जुनसुकै किसानले उत्पादन गरेका तरकारी ल्याएर बिक्री गर्न सकिन्छ। आफ्नो उत्पादनको मुल्य आफैले राख्ने हुँदा किसानलाई थप प्रोत्साहन मिल्ने अपेक्षा गरिएको छ।

कालीमाटी तरकारी बिकास समितिले पहिलो पटक किसान स्टल कार्यान्वयन गर्न लागेको हो। किसान स्टल प्रयोग गर्ने किसान थपिने क्रममा रहेका छन। अझै पनि धैरै किसानले स्टलको बारेमा जानकारी पाउन सकेका छैनन। समितिले देशभरका किसानलाई स्टलबारे जानकारी दिइरहेको बताएको छ। चितवनबाट उपत्यकामा ठूलो मात्रामा तरकारी आउने गरेको छ। स्टल संचालनमा ल्याएपछि किसानबाट राम्रो प्रतिकृया आइरहेको बताइएको छ। समितिले बेलुकी ७ देखि बिहान ४ बजेसम्म राख्ने मिल्ने स्टलमा होल्डिङ यार्डको व्यवस्था गरेको छ। यसअघि तरकारी बजारमा किसान स्टल नहुँदा किसानले ल्याएको तरकारी हतार हतारमा बिक्री गर्नु पर्ने अवस्था थियो। अब स्टलमार्फत किसानले आफ्ना उत्पादन आफ्नो भाउमा व्यापारी र व्यवसायीलाई बिक्री गर्न सक्छन। समितिका अनुसार स्टलमा २ सय टन तरकारी होल्ड गरेर बिक्री गर्दा ५ सय रुपैयाँ तिर्नुपर्छ भने त्यसभन्दा बढी तरकारी र फलफूल राखेर बिक्री गर्दा प्रतिकिलो २५ पैसाको दरले शुल्क लिने व्यवस्था गरेको छ।

## कर्पोरेट

### नबिल बैंक पाँचौ पटक सम्मानित



काठमाडौ। आर्थिक वर्ष २०७५/७६ मा बैंक तथा वित्तीय संस्थामध्ये सबैभन्दा बढी कर्पोरेट ट्याक्स जम्मा गर्ने बैंकको रुपमा सम्मानित भएको छ। बैंकलाई आन्तरिक राजश्व विभागले सम्मान पत्र हस्तान्तरण गरेको हो। बैंकले गत आर्थिक वर्षमा एक अर्ब ९० करोड कर सरकारलाई तिरेको थियो।

विभागले गत मंसिरमा कर दिवसको अवसर पारेर बैंकलाई बैंकमध्ये सबैभन्दा बढी कर्पोरेट ट्याक्स जम्मा गर्ने सूचीमा राखेको थियो। मंसिरमा कोभिडको भय र तिहारको समय भएकाले औपचारिक कार्यक्रम हुन सकेको थिएन।

पछिल्लो १० वर्षमा नबिल बैक उच्च कर भुक्तानी गर्नेमा यो पाँचौ पटक हो। समृद्ध मुलुक निर्माणका लागि बैंकले आफ्नो तर्फबाट सरकारलाई योगदान पुऱ्याएकोमा गर्व महसुस गरेको जनाएको छ। बैंकले व्यापार प्रबर्दन, रोजगारी सिर्जना र ट्याक्सको रुपमा राज्यको योगदानमा केन्द्रित रहेको छ।

बैंक मुलुकको धेरै बैंकिङ गतिविधिको लागि पायोनियर बैंकको रुपमा रहेको छ। बैंकको गतिविधिमार्फत अर्थव्यवस्थालाई उकास्ने मात्र गरेको छैन। जनताको जीवन यापन र उनीहरुको आर्थिक बृद्धिलाई समेत व्यापक पहुँच पुराइरहेको छ। नेपालको निजी क्षेत्रको अग्रणी बैंक नबिलले हालसम्म राज्यलाई १५ अर्ब ६ करोड रुपैयाँ कर बुझाएको छ। यो भनेको बैंकको कुल पुँजीको १ दशलमव ५ 'टाइम्स' बढी हो। नेपालको निजी क्षेत्रको पहिलो बैंक नबिलले आफ्ना लगानीकर्तालाई हालसम्म १ हजार ८ सय ७५ प्रतिशत लाभांश वितरण गरिसकेको छ।

बैंकिङ क्षेत्रमा सबैभन्दा बढी कर तिर्ने बैंकको परिचय बनाएको बैंकले आफ्ना राज्य र लगानीकर्तालाई आर्थिक योगदान पुऱ्याउँदै आफ्नो व्यवसाय र सेवा तीव्र विस्तार गर्दै अगाडि बढिरहेको छ। स्थापना भएदेखि हालसम्म बैंकले १८ सय ७५ प्रतिशत लाभांश वितरण गरेको हो। सन् १९८४ देखि आफ्ना ग्राहकलाई समायनुकुल सेवा प्रदान गर्दै आएको बैंकको १ सय १९ शाखा, १ सय ८५ एटीएम, एक हजार पाँच सय भन्दा बढी नबिल रेमिट एजेन्ट रहेको बैंकले नेपाली बैंकिङ क्षेत्रमा नविनतम् सेवाको शुरुवात गर्न अग्रणी भूमिका खेल्नुका साथै बैंकिङ विकासको इतिहासमा कोसेढुंगाको रुपमा काम गर्दै आएको छ।

### रिक्सामा मुक्तिनाथ विकास बैंकको क्यूआर सेवा



काठमाडौ। मुक्तिनाथ विकास बैंकले क्यूआर सेवा अटो रिक्सामापनि सूरु गरेको छ। गोपिगंज, टाँडी, धनकुटा र काकडभिट्टाको विभिन्न रुटमा कुद्ने अटो रिक्सामा क्यूआर कोडबाट अनलाइनानै भुक्तानी गर्न सकिने भएको छ। यस कार्यबाट रिक्सा चालक तथा यात्रु दुबैले लाभ लिन सक्ने बैकले जनाएको छ। यस कार्यबाट अटो रिक्सामा चढ्ने यात्रुले भाडा बापतको रकम रिक्सामा भएको क्यू.आर कोड स्क्यान गरी भुक्तानीगर्न सक्नेछन। क्यूआर कोडबाट सुरक्षित रुपमा भुक्तानी गर्ने गराउने सम्बन्धमा बैंकका शाखा प्रबन्धकले अटो रिक्साका चालकलाई आवश्यक प्रशिक्षण समेत गरेका थिए।

विकास बैंकले डिजिटल कारोबारलाई प्रोत्साहनगर्न भिजा नेटवर्क अन्तर्गतको जुन सुकै बैंकको एटिएम बाट विनाकुनै शुल्क रकम झिक्न सकिने व्यवस्था गरेको छ। त्यसै गरी मोबाईल बैंकिग, क्यूआर कोड स्क्यान, अनलाईन कर्जा आवेदन, अनलाईन खाता खोल्ने, ईन्टरनेट बैंकिग, खाता मै रेमिट्यान्स जम्मा आदि जस्ता कार्य बैंकको शाखामा उपस्थित नभई घरबाट गर्न सकिने व्यवस्था गरिएको पनि विज्ञप्तिमा उल्लेख छ।

### सिराहाको लहानमा सिटिजन्स बैंक




काठमाडौं। सिटिजन्स बैंक इन्टर नेसनलले सिराहको लहानमा शाखा विस्तार गरेको छ। यो बैकको १६७ औं शाखा हो। शाखा मार्फत ग्राहकको वित्तीय आवश्यकता पुरा गर्न आवश्यक सबै रिटेल बैकिंग सेवा प्रदान गर्नुका साथै साना तथा लघु व्यवसायी माझ वित्तीय पहुँच पुऱ्याँउने लक्ष्य बैंकले राखेको छ।

सुविधा जनक बचत खाता योजना, मुद्दती निक्षेप योजना,लकर सेवा, ए.टि.एम.सेवा,घर तथा सवारी कर्जा, साना व्यवसायी कर्जा लगायतका वित्तीय सेवा छिटो, छरितो,चुस्त र दुरुस्त प्रदान गर्ने बैंकले जनाएको छ। बैंकले १ सय १८ ए.टि.एम. र १ सय ७ शाखा रहित बैंकिग ईकाईबाट करिव साढे नौ लाखलाई बैंकिग सेवा प्रदान गर्दै आएको बैंकले जनाएको छ।

### मनकामना केबलकारको स्तरोन्नति

काठमाडौं। मनकामना केबलकारको स्तरोन्नति गरिने भएको छ। २०५५ सालदेखि केबलकार सेवा प्रदान गर्दै आएको कम्पनीले नयाँ-नयाँ प्रविधिको प्रयोग गर्दै केबलकारको स्तरोन्नति गर्न लागेको हो। पूर्ण रुपमा स्तरोन्नति गर्न करिब दुई वर्ष लाग्ने कम्पनीले जनाएको छ। केबलकार भने मर्मतको समयमा बाहेक अन्य समयमा सञ्चालनमा आउने कम्पनीका कार्यकारी सञ्चालक राजेशबाबु श्रेष्ठले बताएका छन।

दुई साता अघि तीन चरणमा स्तरोन्नति गर्न सकिने रिपोर्ट आएकोले सोही अनुसार केबलकारको स्तरोन्नति गर्न लागिएको पनि कम्पनीले जनाएको छ। केबलकारको मुख्य लट्ठा दुई वर्षपछि फेरे हुने प्राविधिक अडिट रिपोर्ट आएकाले लट्ठा फेर्ने काम अन्तिम चरणमा गरिने भएको छ।

तीन चरणमा केबलकारको स्तरोन्नति सम्पन्न गरिने भएको छ। पहिलो चरणमा तत्काल अति आवश्यक र मर्मत गर्न नसकिने पाटपुर्जा फेर्ने, दोस्रो चरणमा नयाँ प्रविधमैत्री बनाउन पूर्वाधार तयार तथा केही अन्य थप पाटपुर्जा फेर्ने र अन्तिम चरणमा हालको एनालग प्रणालीबाट डिजिटल प्रणालीमा स्तरोन्नति गर्ने, केबलको लट्ठा फेरबदल गर्ने, डीसी ड्राइभलाई एसी ड्राइभमा रुपान्तरण गरी विद्यमान प्रविधियुक्त बनाइने भएको छ।

### डिशहोमको खुसीको उडान योजना

काठमाडौ। डिशहोमले नेपालीरुको विभिन्न उत्सवहरुलाई मध्यनजर गर्दै 'खुसीको उडान' योजना सुरु गरेको छ। सक्रिय ग्राहकलाई अझ गुणस्तरीय सेवा दिने लक्ष्यका साथ यस योजना अघि सारिएको कम्पनीले जनाएको हो। यस योजनाले हरेक सक्रिय ग्राहकलाई हरेक बिहीबार खास उत्साह र खुशी प्रदान गर्नेछ। योजना अन्तर्गत हरेक हप्ताको बिहीबार हुने लक्की ड्रबाट दुई भाग्यशाली जोडीले बैंककको भ्रमण गर्न सक्नेछन। लक्की ड्रमा सहभागिता जनाउन ग्राहकले आफ्नो सदस्यतालाई डिशहोमका डिलर मार्फत फन्ड ट्रान्सफरबाट टप अप गर्नुपर्नेछ।

साथै इ-वालेट एप्स र रिचार्ज कार्डबाट रिचार्ज गरेर पनि ग्राहक यस योजनामा सहभागी हुन सक्नेछन। लक्की ड्रको घोषणा हरेक बिहीबार हुनेछ। लक्की ड्रको विजेताको घोषणा ग्राहकको सेटअप बक्समा भएको क्यास आईडीको आधारमा गरिने छ।

लक्की ड्रको सुरुवात २६ चैत २०७७ देखि हुनेछ भने डिशहोमका रियालिटी टिभी, रमाइलो टिभी, सरोकार टिभी र डिशहोम सोकेस च्यानलमा हरेक बिहीबार पाँच बजे प्रत्यक्ष प्रसारण पनि गरिने छ। सक्रिय ग्राहकले आफ्नो नजिकैको डिशहोम डिलर वा डिशहोम ग्राहक सेवा केन्द्रमा सम्पर्क गरी योजनाका बारेमा थप आधिकारिक जानकारी प्राप्त गर्न सक्ने छन्।

### हुन्डाईले ल्यायो नयाँ वर्ष विशेष योजना




काठमाडौं। हुन्डाईका लागि नेपालका आधिकारिक विक्रेता लक्ष्मि इन्टर कन्टिनेन्टल प्रालिले नयाँ वर्ष योजना 'यो नयाँ वर्ष २०७८, हुन्डाई चढौं अघि बढौं' योजना ल्याएको छ।

यो योजना अन्तर्गत हुन्डाईको कुनै पनि गाडीको खरिदमा आकर्षक छुट तथा विशेष सुविधा प्राप्त गर्न सकिनेछ। यो योजना अन्तर्गत हरेक खरिदमा ग्राहकले आकर्षक नगद छुट, स्क्रयाच कार्ड मार्फत २० हजार देखि ७८ हजार रुपैया सम्मको अतिरिक्त छुट, १५ हजार बराबरको लोयल्टी बोनस, १ लाख रुपैया सम्मको एकसचेन्ज बोनस तथा १ वर्षको बीमा सुबिधा प्राप्त गर्न सकिने हुण्डाईले जनाएकोछ।

हुन्डाईले आफ्ना सबै गाडीमा ६ वर्षको निःशुल्क सर्भिस तथा ३ वर्षको वारेन्टी सुविधा उपलब्ध गराउँदै आइरहेको छ। लक्ष्मी इन्टरकन्टीनेन्टलले नेपाल भरी १३ शोरुम तथा १७ सर्भिस सेन्टर मार्फत ग्राहकहरुलाई सेवा प्रदान गरिरहेको छ। हुन्डाई मोटर कम्पनी विश्वकै ५ ठूला अटोमोवाईल उत्पादक मध्येमा पर्दछ। कम्पनीका उत्कृष्ट उत्पादनले विश्वभरि करोडौं ग्राहकको मन तथा विश्वास जित्न सफल भएको विज्ञप्तिमा उल्लेख छ।

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४

# सौर्य खेलकुद



जुडो च्याम्पियनसिपमा सहभागी हुन चार खेलाडीसहित सात सदस्यीय नेपाली जुडो टोली शुक्रबार किर्गिस्तानको बिस्केक प्रस्थान गर्दैछ



समृद्धि महर्जन र कर्मिस्ता श्रेष्ठ तेस्रो आईएमई जेटिआई ग्रान्ड जुनियर खुला टेनिस अन्तर्गत यू-१२ गर्ल्सतर्फको फाइनलमा प्रवेश गरेका छन्

आरबीबी-एनभिए क्लब लिग

## न्यु डायमण्डको सानदार जित




■ सौर्य समाचार

काठमाडौं । होंगान्जी न्यु डायमण्डले पाँचौ आरबीबी-एनभिए क्लब लिग महिला तथा पुरुष भलिबल च्याम्पियन्सिप २०७७ मा सानदार सुरुवात गरेको छ । डायमण्डले प्रतियोगिताको पहिलो खेलमा बिहीबार ढोरपाटन स्पोर्टस क्लबमाथि ३-० को सोझो सेटमा जित हासिल गर्‍यो । दशरथ रंगशालाको कभर्ड हलमा डायमण्डले पहिलो सेट २५-६ ले जितेको थियो ।

दोस्रो सेटमा केहि खेलाडी परिवर्तन गरेपनि एकपक्षीय प्रदर्शन गर्दै २५-२ को जित दर्ता गर्‍यो । तेस्रो सेटमा एक समय २१-० ले अघि रहेको डायमण्ड २५-५ ले विजयी रह्यो । पनामिका राईको सर्भिसमा लगातार २० अंक जोडेको डायमण्ड तेस्रो सेटमा पनि आफ्नो लय कायम नै राख्यो । यस जितसँगै डायमण्डले ३ अंक जोडेको छ । प्रतियोगिता अन्तर्गत पहिलो दिन महिलातर्फ एक खेल मात्र भयो । पुरुषतर्फ मध्यान्ह १२ बजे नेपाल पुलिस क्लबले नयाँ बजार सामाजिक युवा क्लबसँग प्रतिस्पर्धा गर्दैछ ।

पुलिससँग राष्ट्रिय टोलीका कप्तान इम बहादुर रानामगर, दीपकराज जोशी, हरि थापा, रोविन चन्द, विशाल बिके, भीम गाहा लगायतको खेलाडी हुनेछ । चोटका कारण मिडल ब्लकर द्धारिका थापा टोली बाहिर रहेका छन् । यता, नयाँ बजारले पनि गण्डकी प्रदेशका खेलाडीलाई समेटेर टोली तयार पारेको छ ।

दिउँसो ३ बजे एपीएफ र बुलबुले रारा क्लब तथा साँझ ६ बजे त्रिभुवन आर्मी क्लब र मणिमुकुन्द भलिबल क्लबबीच प्रतिस्पर्धा हुदैछ । बुलबुले र मणिमुकुन्दले विदेशी खेलाडीलाई टोलीमा उतार्ने सम्भावना छ ।२६ चैतसम्म सञ्चालन हुने प्रतियोगितामा पुरुषतर्फ ७ तथा महिलातर्फ ६ टोलीको सहभागिता रहेको छ । पुरुषतर्फ ८ टोली भनिएपनि अन्तिम समयमा बुद्ध टोल भलिबल क्लबले सहभागिता जनाएको छैन ।

पुरुषतर्फ हेल्प नेपाल स्पोर्ट्स क्लब, नेपाल एपिएफ क्लब, नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, नयाँ बजार सामाजिक युवा क्लब, मणिमुकुन्द क्लब (बुटवल) र बुलबुले रारा क्लबको सहभागिता छ ।महिलातर्फ नेपाल एपिएफ क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, होङ्वान्जी न्यु डायमन्ड स्पोर्ट्स क्लब, ढोरपाटन भलिबल ट्रेनिङ सेन्टर र भरतपुर मेट्रो खेलकुद परिषद गरी ६ टोलीको सहभागिता रहेको छ ।

लिगपछि शीर्ष दुई टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ । लिग अवधिभर खेलाडी र अफिसियलको बिमा गरिने संघले जनाएको छ ।प्रतियोगिताको पुरुष र महिला दुवैतर्फको विजेताले ३ लाख रुपैयाँ हात पार्नेछन् । दोस्रो हुनेले १ लाख ७५ हजार, तेस्रो ले ७५ हजार तथा चौथो हुने टोलीले ३७ हजार ५ सय प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट पुरुष र महिला खेलाडीले समान २५-२५ हजार प्राप्त गर्नेछन् ।

व्यक्तिगत विधाका उत्कृष्ट लिवेरो, स्पाइकर, ब्लकर, सर्भर, सेटर र प्रशिक्षकले जनही १०-१० हजार रुपैया हात पार्नेछन् ।प्रतियोगिताबाट कुनै प्रतिभावान् वा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीलाई संघको खेलाडी छनोट समितिले राष्ट्रिय टिमको प्रशिक्षणको लागि समेत छनोट गर्न सक्ने संघले जनाएको छ । प्रतियोगितालाई राष्ट्रिय वाणिज्य बैंकले मुख्य प्रायोजन गरेको छ ।

## आहा रारा गोल्डकप शनिबारदेखि

■ सौर्य समाचार



पोखरा । सहारा क्लब पोखराको आयोजनामा शनिबार सुरु हुने आहा रारा गोल्डकप फुटबल प्रतियोगिताको उद्घाटन खेलमा आयोजक र नेपाल एपिएफ क्लबबीच प्रतिस्पर्धा हुनेण भएको छ ।

पोखरा रंगशालामा ८ टोलीको सहभागिता आहा गोल्डकपमा सहिद स्मारक ए डिभिजन लिगको विजेता मछिन्द्र क्लबसहित आयोजक र एक विदेशी टोली अफ्रिकन रुट्स एसोएिसन (एआरए) रहेका छन् । प्रतियोगिताको दोस्रो दिन आइतबार मछिन्द्र र एआरएबीच प्रतिस्पर्धा हुने बिहीबार आयोजित पत्रकार सम्मेलनमा क्लबका अध्यक्ष केशवबहादुर थापाले जानकारी दिए ।

आहाको १९ औं संस्करणमा चैत २३ गते संकटा र नेपाल आयल निगम मनाङ मर्स्याङ्दी क्लब र चैत २४ गते रुस्लान थ्री स्टार क्लब र नेपाल पुलिस क्लबबीच प्रतिस्पर्धा हुनेछ । चैत २५ र २६ गते सेमिफाइनल र चैत २८ गते फाइनल हुनेछ । प्रतियोगिताको उद्घाटन राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव रमेशकुमार सिलवालले गर्नेछन् । समापनको मुख्य अतिथिमा गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ रहने क्लबले जनाएको छ ।

१९ औं सस्करणलाई सहारा क्लबले पोखराका प्रतिष्ठित उद्योगपती तथा राजनितिककर्मी स्व सूर्य बहादुर केसीको स्मरणमा विशेष बनाउने जनाएको छ । पोखराको फुटबल विकासमा महत्वपूर्ण योगदान दिएको भन्दै उनको संस्मरणमा विद्यागत पुरस्कारमा १० हजार रुपैयाँले बृद्धि गरिएको बताइएको छ । जस अनुसार सुर्यबहादुर के. सी. मेमोरियल उत्कृष्ट गोलकिपर, डिफेन्डर , मिडफिल्डर , वेष्ट स्ट्राइकर र प्रशिक्षक अवार्ड रहेका छन् । सबैले जनही २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । हरेक खेलको म्यान अफ दी म्याचले ५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

विगतमा जस्तै एक जना राष्ट्रिय खेलाडीलाई क्लबले सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी घोषणा गर्दै ३५ हजार रुपैयाँबाट सम्मान गर्नेछ । त्यो पुरस्कारको प्रायोजन सहारा क्लब पोखराका मानार्थ सदस्य खेमबहादुर गुरुङले गर्नेछन् । प्रतियोगिताको विजेताले उपाधिसहित १० लाख १ हजार र दोस्रो टोलीले ५ लाख १ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

झन्डै १ करोड २९ लाख रुपैयाँ आम्दानी हुने अनुमान गरिएको प्रतियोगितामा झन्डै १ करोड बढी खर्च हुने क्लबको अनुमान छ । प्रतियोगिताबाट बचत रकम सहारा एकेडेमीमा खर्च गरिदै आएको छ । प्रदान गरिनेछ । यस प्रातियोगिताको अनुमानित आम्दानी १ करोड २९ लाख १ हजार रुपैयाँ र अनुमानित खर्च १ करोड १ लाख ८१ हजार रुपैयाँ प्रक्षेपण गरिएको क्लवले जनाएको छ ।

## अष्ट्रेलियाका तीन खेलाडीले आइपिएल नखेल्ने

■ एजेन्सी

सिड्नी । अष्ट्रेलिया तीन स्टार खेलाडीले आगमी संस्करणको इन्डियन प्रिमियर लिग (आइपिएल) नखेल्ने भएका छन् । तीव्र गतिका बलर जोश हेजलवुड, अलराउन्डर मिचेल मार्श र युवा विकेटकिपर ब्याट्सम्यान जोश फिलिपेले आइपिएलबाट आफ्नो नाम फिर्ता लिएका छन् ।

हेजलवुड चेन्नई सुपर किंग्स, मार्श सनराइजर्स हैदराबाद र फिलिपे रोयल च्यालेन्जर्स बेंगलोरमा अनुबन्ध थिए । फिलिपेले अघिल्लो महिनानै नाम फिर्ता लिई सकेका थिए । तीनै खेलाडीले व्यक्तिगत कारण देखाउँदै आफ्नो नाम फिर्ता लिएका हुन् । विशेष गरेर आगमी अक्टोबर नोभेम्बरमा भारतमा हुने टि२० विश्वकपलाई केन्द्रित गर्दै नाम फिर्ता लिएको अनुमान गरिएको छ । फिलिपेले गतवर्ष बेंगलोरबाट डेब्यू गर्दै ५ खेल खेलेका थिए । फिलिपेलाई बंगलोरले २० लाख भारुमा किनेको थियो । विराट कोहली कप्तान रहेको बेंगलोरले फिलिपेको स्थानमा न्युजिल्यान्डका युवा विकेटकिपर फिन एलेनलाई टोलीमा अनुबन्ध गरिसकेको छ । त्यस्तै मिचेल मार्शको स्थानमा सनराइजर्स हैदराबादले इंग्ल्यान्डका स्टार ओपनर जेसन रोयलाई अनुबन्ध गरेको छ ।

रोयले अक्सनमा न्यूनतम २ करोड भारु तोकेपनि अनसोल्ड हुन पुगेका थिए । यसै साता सम्पन्न भारतविरुद्ध पाँच टि२० आई र तीन ओडिआई सिरिजमा उत्कृष्ट प्रदर्शन गरेका रोयलाई हैदराबादले टोलीमा अनुबन्ध गरेको हो । मार्श गतवर्ष आइपिएलमा चोटका कारण सुरुवाती खेलपछि गुमाउन पुगेका थिए । मार्शको स्थानमा जेसन होल्डरलाई अनुबन्ध गरेको थियो । महेन्द्रसिंह धोनीको कप्तानीमा रहेको चेन्नईबाट हेजलवुडले गतवर्ष तीन खेल खेलेका थिए । आइपिएल २०२१ अप्रिल ९ देखि भारतका ६ सहरमा सुरु हुँदै छ । उद्घघाटनमा मुम्बई र बेंगलोरबीच प्रतिस्पर्धा हुने छ ।

## बंगलादेशमाथि न्युजिल्यान्डको सानदार क्लिनस्विप

■ एजेन्सी

ढाका । न्युजिल्यान्डले बंगलादेशसँगको तीन टि२० आई सिरिजमा सानदार क्लिनस्विप गरेको छ । घरेलु टोली न्युजिल्यान्डले तेस्रो तथा अन्तिम टि२० आई खेलमा ६५ रनले हराउँदै क्लिनस्विप गरेको हो ।

जितको लागि १ सय ४२ रनको विजयी लक्ष्य पछ्याएको बंगलादेश ९.३ ओभरमा ७६ रनमा अल आउट हुन पुग्यो । बंगलादेशका ओपनर मोहम्मद नईम १९, मोहासेक होसिनले १३ र सौम्य सरकार १० रन बनाउन बाहेक अन्यले राम्रो प्रदर्शन गर्न सकेनन् । बंगलादेशका ८ खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

न्युजिल्यान्डका स्पिनर टोड एस्टेलले २ ओभरमा १३ रन खर्चेर ४ विकेट लिए । कप्तान टिम साउथीले २ ओभरमा १५ रन खर्चेर ३ विकेट लिए । एडम मिल्ने, ग्लेन फिलिप्स र ल्योकी फर्गुसनले १-१ विकेट लिए ।




त्यसअघि वर्षाको कारण १० ओभरमा छोटाईएको खेलमा घरेलु टोली न्युजिल्यान्डले अकल्यान्डमा टस हारेर पहिला ब्याटिङ गर्दै ४ विकेटको क्षतिमा १ सय ४१ रन बनाएको थियो । न्युजिल्यान्डका २१ वर्षिय ब्याट्सम्यान फिन एलेनले २९ बलमा १० चौका र ३ छक्का सहित ७१ रनको विष्फोटक इनिङ खेले । आफ्नो टि२० आई करिअरको तेस्रो खेल खेलि रहेका एलेनलले मात्र १८ बलमा अर्धशतक पूरा गरेका थिए ।

न्युजिल्यान्डलाई ओपनर फिन एलेन र मार्टिन गुप्टिलले ५.४ ओभरमा ८५ रनको आक्रामक साझेदारीका साथ उत्कृष्ट सुरुवात दिलाएका थिए । स्पिनर मेहदी हसनको बलमा ठूलो सट खेल्ने धुनमा गुप्टिल ४४ रनमा अफिफ होसिनबाट समातिन पुगे । गुप्टिलले १९ बलमा १ चौका र ५ छक्का प्रहार गरे । तेस्रो नम्बरमा ब्याटिङ गरेका ग्लेन फिलिप्स ६ बलमा २ छक्का सहित १४ रनमा क्याच आउट भए । डर्याल मिचेल ११ रनमा आउट भए । बंगलादेशका शोरिफुल ईस्लाम, तस्किन अहमद र मेहेदी हसनले १-१ विकेट लिए ।

न्युजिल्यान्ड पहिलो खेलमा ६६ र दोस्रो खेलमा २८ रनले विजयी भएको थियो । तीन ओडिआई सिरिज पनि न्युजिल्यान्डले क्लिनस्विप गरेको थियो ।

## इटालीको लगातार तेस्रो जित

■ एजेन्सी

लण्डन । फिफा विश्वकप कतार २०२२ को युरोपियन छनोट खेलमा फ्रान्सले जित निकाल्दा इटालीले समूह चरणमा लगातार तेस्रो जित निकालेको छ । एन्टोइन ग्रिजमनको एकमात्र गोलमा फ्रान्सले बोस्निया एन्ड हर्जगोभिनामाथि उसकै मैदानमा १-० को झिनो जित निकालेको हो । उनले ६०औं मिनेटमा एड्रिएन राविओटको पासमा गोल गरेका थिए । घरेलु टोलीविरुद्ध बल पोसेसनमा पकड राखेपनि त्यसपछि थप गोल निस्कन नसक्दा ग्रिजमनको गोल नै फ्रान्सको जितमा निर्णायक बन्यो ।

यही समूह 'डी' को अर्को खेलमा युक्रेन र काजकस्तानले १-१ गोलको बराबरी खेल्दै अंक बाँडेका छन् । घरेलु टोली युक्रेनका रोमन यारेमचुकले



गोल गर्दा काजकस्तानका सेरिकजान मुजहिकोभले बराबरी गोल फर्काए ।

यो नतिजापछि समूम फ्रान्स ३ खेलबाट ७ अंक जोडेर शीर्षस्थानमा रहँदा युक्रेन ३ अंक जोडेर दोस्रो स्थानमा रहेको छ । २ अंक जोडेको फिनल्यान्ड तेस्रो स्थानमा रहँदा समान १ अंक जोडेका बोस्निया र काजकस्तान चौथो र पाँचौ स्थानमा रहेको छ ।

यस्तै समूह 'सी' को खेलमा इटालीले लिथुआनियालाई उसकै मैदानमा २-० ले हराएको छ । इटालीको जितमा स्टेफानो सेन्सी र सिरो इमोविलेले गोल गरे । स्टेफानो सेन्सीले ४८औं मिनेटमा गोल गर्दा सिरो इमोविलेले इन्ज्युरी समयको थप गरिएको चौथो मिनेटमा विजयी गोल गरेका थिए ।

यही समूहको अर्को खेलमा नर्दन आयरल्यान्ड र बुल्गेरियाले गोलरहित बराबरी खेल्दै अंक बाँडेका छन् ।

यो नतिजापछि इटाली तीन खेलबाट तीन जितपछि ९ अंक जोडेर शीर्षस्थानमा रहेको छ । स्वीट्जरल्यान्ड ६ अंक जोडेर दोस्रो स्थानमा रहेको छ । समान १ अंक जोडेको नर्दन आयरल्यान्ड र बुल्गेरिया तेस्रो र चौथो स्थानमा रहँदा अंकविहीन लिथुआनिया पुछारमा रहेको छ ।

## रेफ्रीमाथि हातपात गर्ने ६ खेलाडी प्रतिबन्धित

■ सौर्य समाचार

विराटनगर । मोरङ जिल्ला फुटबल संघले खेलपछि रेफ्रीमाथि कुटपिट र अभद्र व्यवहार गर्ने ६ खेलाडी र प्रशिक्षकलाई प्रतिबन्ध लगाएको छ । मोरङको पथरी शनिश्चरे भुटानी सिबिरले आयोजना गरेको वडा स्तरीय खेलपछि खेल मैदानै सहायक रेफ्री र रेफ्रीहरुलाई कुटपिटका साथै अभद्र व्यवहार गरेका कारण वडा नं १० का ६ खेलाडी र प्रशिक्षकलाई देशभर खेल्न नपाउने गरि कारवाही गरेको बुधबार विज्ञप्तीमार्फत जानकारी गराएको छ । जसमा ४ खेलाडीलाई २ वर्ष, २ खेलाडीलाई १ बर्ष र प्रशिक्षक साजन खाम्बो लिम्बुलाई १८ महिनाको प्रतिबन्ध लगाएको छ ।२ वर्ष प्रतिबन्ध पर्ने खेलाडीमा राज तामाङ, सुनम मडियारी, सोनम कार्की, पुस्कर राई छन् । सनम तामाङ र आकाश धिमाललाई १ वर्षको प्रतिबन्ध लगाइएको मोरङ जिल्ला फुटबल संघका अध्यक्ष दिपेन्द्र धिकालले जारी गरेको विज्ञप्तीमा उल्लेख छ । साथै संघले सुरक्षा दिन नसकेको भन्दै आयोजकलाई ११ हजार रुपैयाँ जरिवाना तोकेको छ ।मंगलबार खेलमा पथरी शिविरले वडा नं १० लाई १-० ले हराएको थियो । त्यसपछि वडा नं १० का खेलाडीले रेफ्री मनिष खड्का र सहायक रेफ्री जमुना मगरलाई कुटपिट गरेका थिए । कुटपिटबाट सहायक रेफ्री मगरको टाउको चोट लागेको थियो ।

हामी नेपालहरुमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ । नयाँ प्रविधि र नयाँ क्षेत्रहरुमा हामी जानैपर्छ । मुख्यत: हामीमा प्रतिबद्धता, लगनशीलता, आँट र साहस् चाहिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्धारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४४२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी